Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ७, २०७६ साल भदौ ३१ गते मंगलबार (Sept, 17, 2019) www.janaakash.com.np मुल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

## नेकपाको अरिङ्गाल आतङ्क

काठमाडौं । डबल नेकपाको सरकार सञ्चालनको २ वर्ष वित्दै गर्दा अरिङ्गाल झै जाइलाग्न दिएको प्रधानमन्त्रीको निर्देशनले यतिबेला राष्ट्रिय आतंकको रुप धारण लिँदै गएको देखिन्छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले एक सन्दर्भमा सरकारले गरेका काम प्रगतिको बारेमा अरिंगालझै प्रचार गर्न भन्दै निर्देशन दिएका थिए । त्यसपछि पार्टीभित्रकै असाध्यै मौरीले जस्तै मेहनत गर्ने नेता कार्यकर्ताले सरकारले गरेका गलत निर्णयहरुको उजागर गर्दै केपी नेतृत्व पंक्तिका अरिङ्गालहरुले ती मौरीहरुलाई शिकार बनाएर टपक्क टिप्दै अरिंगालको घारमा लगी अरिंगालको छोराहरुलाई ख्वाएर मौरीको लोप बनाएजस्तै नेकपा भित्रका इमानदार कार्यकर्ताहरु समाप्त गर्नुथियो जस्तै नेकपा भित्रका इमानदार कार्यकर्ताहरु समाप्त गर्नुथियो पहिलो चरणको काम नेकपामा पूर्व माओवादीबाट आएका केही र पूर्व



एमालेबाट आएका केही इमानदार कार्यकर्ताहरु पाखा लगाएपछि रुष्ट बनेका नेताहरु कराउँदै थिए तिनीहरुलाई पनि कसैलाई मन्त्री पद र अवसरको प्रलोभन देखाउँदै तिनलाई पनि ठेगान लगाएपछि यतिबेला पार्टीभित्रबाट हुने विरोध समाप्त गरेपछि एउटा अध्याय पुरा गरेका प्रधानमन्त्री समूहका अरिंगालहरुले दोश्रो अध्याय सामाजिक सञ्जालमा एउटा ज्ञानेन्द्र शाहीको उदाहरण दिँदै धम्कीपूर्ण भाषाहरु प्रयोग गर्दै सामाजिक सञ्जालहरु रंग्याइरहेका छन् । जसको कारण सामान्य नागरिकहरु जिब्रो टोक्न थालेका छन् ।

यो भन्दा अगाडि नै सरकारको विरोध कसैले नगरोस् भनेर नयाँ प्रेस काउन्सिल विधेयक पास गर्न खोजिएको थियो उक्त प्रेस काउन्सिल विधेयक प्रस्ताव नेपाल पत्रकार महासंघको नेतृत्वमा देशभरीका श्रमजिवी पत्रकारहरु सडकमा उत्रिएपछि र सरकारको समाचार समेत बहिष्कार गर्नेसम्मको अवस्था आएपछि आक्रोशित सरकारले पत्रकारहरुलाई विभिन्न ठाउँमा धरपकड गर्दै तर्साउने शैलीमा गरिराखेकै छ । र अन्य पत्रकारहरु पनि त्यसैगरी डराउन र सरकारले गरेका गलत कृयाकलापहरु कसैले थाहा नपाउन भन्ने अभिप्रायले काम गरेको देखिन्छ ।

त्यसैको पछिल्लो उदाहरण बन्न पुगेको छ ज्ञानेन्द्र शाही आक्रमण काण्ड । ज्ञानेन्द्र शाहीले ठिक गरे गरेनन् सामाजिक खलल पुऱ्याएको भए वा प्रमाणहीन कुराहरु गरेको भए सरकारको ऐन, कानून छँदैछ त्यही अनुसार कारवाही गर्न सक्ने विकल्प हुँदाहुँदै आफ्नै पार्टीमा हुलहुज्जत पठाएर पत्रकार सम्मेलन स्थलमा आक्रमण गर्ने र त्यसैलाई आधार बनाएर सबै नेपालीलाई डर लाग्ने गरी भाषाहरु प्रयोग गरेर नेकपा केपी शर्मा ओलीका

बाँकी ६ पृष्ठमा

## मैले कहिल्यै यो पदमा हुन्छु भनेर कल्पना गरेकी थिइँनः राष्ट्रपति भण्डारी

काठमाडौं । राष्ट्रपति कार्यालय शीतल निवासको सभाहलमा बालबालिकाहरु राष्ट्रपतिको तीव्र प्रतिक्षामा थिए । राष्ट्रपति विद्यादेवी भण्डारी आएपछि राष्ट्रियगान बज्यो । त्यसपछि बालकहरु समिर बस्याल, प्रकाश नेपाली, सवीन



तामाङ, राम भण्डारी र शिव रावलले राष्ट्रपतिलाई बाल गीतले स्वागत गरे ।

'सुनिश्चित बाल अधिकारः समृद्ध नेपालको आधार' भन्ने मूल नारासहित मनाउन लागिएको 'राष्ट्रिय बाल दिवस-२०७६' को अवसरमा आज महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा आयोजित बालबालिकासँग राष्ट्रपति कार्यक्रममा बालबालिकाले राष्ट्रपतिसँग आफ्ना जिज्ञासा राख्न शुरु गरे । शुरुमा झापाकी प्रेनुषा पाण्डेले जिज्ञासा राखिन राष्ट्रपतिज्यू हजुरको बाल्यकाल कसरी बित्यो ? राष्ट्रपतिले भनिन्, मेरो बाल्यकाल फरक थियो, अहिलेको समय धेरै फरक छ, त्यतिबेला आजभन्दा करीब ६० वर्ष पहिला बालबालिकाको लागि धेरै कुराहरु सोचिएको थिएन ।

त्यति बेलाको समय, देश, काल परिस्थिति, हाम्रो देशको चेतनास्तर, समाज सबै कुराले फरक थियो । त्यो अवस्था र अहिले हेर्ने हो भने धेरै सकारात्मक परिवर्तन आएको छ ।

बाँकी ६ पृष्ठमा

## तरुण दलमा भाँडभैलो

काठमाडौं । नेपाल तरुण दलका अध्यक्ष जित जङ्ग बस्नेत र महासचीव भुपेन्द्रजंङग साहीबिच विवाद चर्कोरुपमा बढेको गएको छ । नेपाल तरुणदलको कार्य समितिको कार्य अवधि सकिएको सन्ध्यामा उक्त विवाद बाहिर आएको छ । केहीदिन अगाडी महासचीवले अध्यक्षलाइ कारबाही गरेको प्रेस विज्ञप्ति जारी गरेका थिए त्यसको दुइदिन बित्न नपाउदै अध्यक्षले पनि महासचीवलाइ कारवाही गरेको प्रेस विज्ञप्ति प्रकाशित गरेका छन् ।अध्यक्षले कारवाही गर्नुको कारणहरु यसरी पेश गरेका छन् । त्यसैगरी महासचीवले पनि बुदागत रुपमा कारवाही गर्नुको कारण खुलाएका छन् ।अध्यक्षले लगाएको आरोप यस्तो छ ।

पदीय मर्यादा, जिम्मेबारी र नेपाली कांग्रेस र तरुण दलको आदर्श एवम् सिद्धान्त विपरीत गई अनुशासनहीन कार्यहरु गरेको हुँदा



विधानको परिच्छेद १० को धारा ४४ को व्यवस्थाअनुसार नेपाल तरुण दलको महासचिवसहित कुनै पनि सदस्य नरहने गरी हटाइएको उल्लेख गरिएकाछन।

त्यसैगरी महासचिव शाहीले पनि शनिबार बेलुका विज्ञप्ति जारी गर्दै अध्यक्ष भ्रष्टाचारमा लिप्त रहेको आरोप लगाउँदै अध्यक्ष र एकवर्ष साधारण सदस्यसमेत नरहनेगरी कारबाही गरिएको उल्लेख गरेकाछन् । दुवैले बोर्धाथ नेपाली काग्रेस पार्टी कार्यलयलाइ लेखेकाछन् ।

## थप दुई मालपोत कार्यालयमा प्रभु बैंकको एक्स्टेन्सन काउण्टर सञ्चालन


काठमाडौं । प्रभु बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा महोत्तरि जिल्लाको बर्दिबास मालपोत कार्यालय र जलेश्वर मालपोत कार्यालयमा एक्स्टेन्सन काउण्टरहरु सञ्चालनमा ल्याएको छ । बर्दिबासस्थित मालपोत कार्यालयको परिसरमा स्थापित एक्स्टेन्सन काउण्टरको मिति २०७६ भदौ २७ गते बर्दिबास मालपोत कार्यालयका कार्यालय प्रमुख कोमल रन्जन बरालले एक समारोहका विच उद्घाटन गर्नुभयो । त्यसै गरी जलेश्वरस्थित मालपोत कार्यालय परिसरमा २०७६ भदौ २७ गतेका दिन जलेश्वर मालपोत कार्यालय प्रमुख भुप बहादुर बोगटि र कोष तथा लेखा नियन्त्रण कार्यालयका निमित्त कार्यालय प्रमुख युवराज राई ले संयुक्त रुपमा उद्घाटन गर्नुभयो ।

महोत्तरि जिल्लास्थित बर्दिबास मालपोत कार्यालयमा र जलेश्वर मालपोत कार्यालयमा आउने सेवाग्राहीहरुले अब विना झण्झट प्रभु बैंकको एक्स्टेन्सन काउण्टरमा रहेको सम्बन्धित मालपोत कार्यालयको खातामा राजश्व रकम जम्मा गरी सरल र सहज रुपमा मालपोत कार्यालयको काम गर्न सक्नेछन् । नेपाल राष्ट्र बैंक तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी विभिन्न सरकारी निकायहरुको बैंकिङ्ग कारोबार प्रभावकारी रुपमा सञ्चालन गरिहेको



प्रभु बैंकले मालपोत कार्यालयमा पनि आफ्नो सेवा विस्तार गर्न सफल भएको छ । प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट सम्बन्धित मालपोत कार्यालयमा आउने सेवाग्राहीहरुलाई राजश्व जम्मा गर्न सहज हुनुका साथै दुवै मालपोत कार्यालयहरुको आर्थिक कारोबार बैंकिङ्ग प्रणालीमा प्रवेश गरेको छ । प्रभु बैंकका दुवै एक्स्टेन्सन काउण्टरहरुबाट प्रवाह गरिने बैंकिङ्ग सेवाबाट स्थानीयबासी तथा सेवाग्राहीहरुले प्रभु बैंकको गुणस्तरीय बैंकिङ्ग सेवा उपभोग गरी लाभान्वित हुने तथा दुवै

बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# राजनीतिलाई सेवा गर्ने वातावरण बनाउनु पर्छ

संसारमा राजनीति नामबाट दिनहुँ विभिन्न खालका समस्या निम्तिरहेका हुन्छन् । विकसित भइसकेका राष्ट्रहरुमासमेत त्यसको प्रभाव देखिन्छ । चाहे त्यो चीनको सि.जिन.पिङले आफ्नो शासन जोगाउन भ्रष्टाचार निर्मुलको नाममा गरेको कडा कारवाहीले माओत्सेतुङको कमाण्डमा काम गरेका योद्धा तर अहिले बृद्धा भएका कमाण्डरहरुलाई समेत मृत्युदण्ड दिएर चर्चामा छन् । त्यो बाहिर जसरी भ्रष्टाचारको आरोपको चर्चा आएको छ । तर वास्तविकता चीनको कम्युनिष्ट पार्टी भित्र दुईलान संघर्ष आत्मसात गर्न नसकेको नेपालका कम्युनिष्ट आनदोलन हाँकेका र आज बृद्ध भइसकेका माओत्सेतुङका चीनको जनयुद्ध अध्ययन गरेका विज्ञहरुले बताइरहेका छन् । त्यस्तै विश्वको चर्चित अर्को राष्ट्र अमेरिका जुन देशमा राष्ट्रपति डोनाल्ड ट्रम्प बनेपछि त्यहाँको विपक्षीले राष्ट्रपतिको हरेक कार्यक्रमलाई असहयोग गरेर विरोध जनाइराख्दा पनि आफ्नो नीति कार्यक्रम निरन्तर रुपमा अगाडि बढाइरहेको देखिन्छ । बेलायतका प्रधानमन्त्री बेरित जोन्सनले गरेका निर्णयहरु यतिबेला फेल भइराखेका छन् र उनले गरेका निर्णयहरु विपक्षी दल र आफ्नै पार्टीका पक्षले समेत अवैधानिक र असहयोग गरेपछि संकटको भूमरीमा फसिरहेका छन् । यी त भए विकसित र शक्तिशाली राष्ट्रहरुको कुरा । राजनीतिमा आफ्नो स्वार्थपूर्ति गर्न पनि राजनीतिक समस्या उत्पन्न गरिन्छ र त्यसको असर सिंगो देशलाई जनतालाई पर्नेगर्छ । सँगसँगै त्यसको सिको गर्दै प्रत्यक्ष अप्रत्यक्ष बिश्वका राष्ट्र र जनतालाई समेत प्रभाव पार्छ । कतिपय राष्ट्रमा राजनीतिक समस्या आयो भने अर्को समाधान खोजिन्छ र त्यो समाधान पछि विकास भएका राष्ट्रहरु पनि छन् ।

यी माथि उल्लेख गरिएका राष्ट्रहरु बिकसित भइसकेका र उनीहरुलाई खासै उनीहरुको काम गराइले असर नपार्ला किनकी उनीहरुको चेत, प्रविधि, त्यसै स्तरको विकास भइसकेको छ । तर त्यसको असर अल्पविकसित राष्ट्रहरुको सोच, मानवीय चेतना, प्रविधिको विकास राम्रो नभइरहेका अवस्थामा तानाशाही प्रबृत्ति, काम गराइका सवालमा अवरोध र को व्यक्ति देशको प्रधानमन्त्री बन्ने भन्ने सोचका साथ देशमा समस्या उत्पन्न भयो भने त्यसको असरले कुनै पनि अल्पविकसित राष्ट्रको उन्नति हुँदैन ।

त्यस्तै राष्ट्रको हाम्रो देश नेपाल पनि पर्ने गरेको छ । राजनीति गर्नेहरुले सेवा गरेर सामाजिक काम गरेर मात्र राष्ट्र सेवा गर्न पाउनु पर्ने नियम हुनुपर्ने थियो । तर नेपालको सन्दर्भमा हुलहुज्जत, टिक्याँस, निर्वाचनका बेला टिकट किनबेच गरेर भ्रष्टाचारी, दलाल, ठेकेदार जसले समाज विकासको रकम अनियमितता गरेर अकुत सम्पत्ति कमाएकाहरुले मात्र चुनाव जिते । अर्को पक्ष काम गरिखाने विहान ६ बजे उठेर बेलुका आँखा देखुनजेलसम्म मेहनत गर्ने पौखरीले जीवन धान्न समेत धौ-धौ छ । तर राजनीति नामबाट नेता बनेका मानिसहरुको व्यक्तिगत सम्पत्ति अथाहा छ । यो चलनको पूर्ण विराम लगाउनलाई अव उप्रान्त नेपालको राजनीतिलाई राष्ट्रसेवा, समाजसेवा गरेको प्रमाणित आधार भएकाहरुले मात्र गर्ने वातावरण बनाउनुपर्छ तव मात्र देशको भौतिक पूर्वाधारको विकास, कृषिमा आधुनिकीकरण, पर्यटनको प्रचुर विकास, जलविद्युतको समयमा निर्माण र उत्पादित विजुली समुचित वितरण त्यही समुचित वितरण विद्युतबाट उद्योगीहरु आकर्षित भई ठुला ठुला उद्योगहरुको स्थापना ठुलाठुला उद्योगहरुको स्थापनासँगै हजारौं हजार नेपालीहरुले रोजगार प्राप्त गर्छन् । सबैले रोजगार र आर्थिक उन्नति गरेपछि सभ्य समाजको निर्माण हुन्छ सभ्य समाज निर्माण भएपछि उत्कृष्ठ विचारको प्रतिस्पर्धा हुन्छ । राजनीतिलाई राष्ट्र सेवा गर्ने वातावरण बनाउने नीति निर्माण गर्‍यो भने नेपाललाई स्वर्गजस्तै विकास गर्न सकिन्छ त्यो वातावरण बनाइयोस् ।

# राज्य प्रणालीमाथिको वितृष्णा

**मोहन पोखरेल**



**हाम्रो देशमा भ्रष्टाचारले सिमा नाघेको छ । विकासको गती सूक्ष्म गतिमा भएको छ । सरकारको नेतृत्व तह र पार्टीको नेतृत्व तहमा बस्ने भ्रष्टाचारमा लिप्त छन् । यसबारे दुईतिहाइको सरकार चुपचाप बस्दा मुलुकको पुरै राज्य संयन्त्र पंगु जस्तै भएको छ । कहिँकतै यस्तो घातक प्रबृत्तिको रोकथाम गर्ने उपायको खोजी गरिएको छैन । उल्टै हत्या, बलात्कार जस्ता जघन्य अपराधको श्रंखला बढेको छ ।**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को सांगठनिक विस्तारले गति लिएको जस्तो देखिएपनि भित्रभित्र यस पार्टीभित्र भुसको आगो सल्किरहेको छ । कतिपय जिल्ला, प्रदेश, क्षेत्रीय र स्थानीय तहमा पूर्व एमाले र पूर्व माओवादकिो भागवण्डा नमिल्दा पार्टीका कार्यकर्ताहरुमा तनावको स्थिति छ । भावनात्मक एकता नबन्दा यी दुबै खेमाका कार्यकर्ता तथा नेतृत्व तहमा खैलाबैला मच्चिनु स्वभाविकै हो । यस्तो प्रबृत्तिले पार्टीको भावी राजनीतिले कस्तो मोड लिन्छ र सरकारको भावी अवस्था कस्तो रहन्छ, यस बारेमा गम्भीर विश्लेषण गर्न जरुरी छ र मुलुकको राजनीतिक प्रणाली माथि यसको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव कस्तो पर्दैजाला त्यतातर्फ राजनीतिक नेतृत्व वर्गले सोच्ने बेला आएको छ ।

हाम्रो देशमा भ्रष्टाचारले सिमा नाघेको छ । विकासको गती सूक्ष्म गतिमा भएको छ । सरकारको नेतृत्व तह र पार्टीको नेतृत्व तहमा बस्ने भ्रष्टाचारमा लिप्त छन् । यसबारे दुईतिहाइको सरकार चुपचाप बस्दा मुलुकको पुरै राज्य संयन्त्र पंगु जस्तै भएको छ । कहिँकतै यस्तो घातक प्रबृत्तिको रोकथाम गर्ने उपायको खोजी गरिएको छैन । उल्टै हत्या, बलात्कार जस्ता जघन्य अपराधको श्रंखला बढेको छ ।

राज्यले भ्रष्टाचार, हत्या, बलात्कार जस्ता घटनाको निस्तेज नगर्ने अपराधीलाई कार्यवाहीको दायराभित्र नल्याउने आदी कारणबाट यो देशको लोकतन्त्र र गणतन्त्र माथि ठुलो संकत पर्दै गएको छ । उपलब्धी गुम्ने डरले नेताहरुमा छटपटि बढेको छ । यस्तै श्रृखंला अगाडि बढेकै बेला भ्रष्टाचारमा सून्य सहनशीलता अपनाउने उद्देश्यले भर्खरै प्रधान सेनापति पूर्ण चन्द्र थापाले सेनाको संगठन भित्र भइरहेका भ्रष्टाचारका बारे मुख खोलेका छन् ।

मुलुकको राज्य प्रणाली माथि वितृष्णा जागिरहेकै बेला प्रमुख राजनीतिक दलका नेता तथा दुईतिहाइको बलबाट बनेको सरकारमाथि सेनापति थापाको भ्रष्टाचार विरुद्धको कामकारवाहीबाट नैतिक दबाब बढेको छ । वडो कुटनीतिक हिसावले भ्रष्टाचारका विरुद्ध लामो वक्तव्य दिएका सेनापति थापाले मुलुकको विग्रदो राजनीपतक परिस्थितिको पनि घुमाउरो पाराबाट प्रमुख राजनीतिक दलका नेताको तोलो धोएका छन् । भ्रष्टाचारका लागि यस्तो कदमले सकारात्मक बाटो समाउने र मुलुकको आर्थिक विकास तर्फ लाग्ने प्रेरणा दिने ।

जनतामा वर्तमान राजनीतिक प्रणाली र यसले सिर्जना गरेका खराब कुकृत्यको विरुद्धको जनमत यसरी बढ्दै गएको छ भने अर्कोतर्फ भारत र चीन जस्ता दुई ठुला मुलुकका वीच रहेको हाम्रो जस्तो सानो मुलुकले कुटनीतिक चातुर्यता देखाउन नसक्दा यी दुबै छिमेकी मुलुक हामीसँग विस्तारै चिढिदै छन् । हाम्रो नेताले कुटनीतिक चरित्र राम्रोसँग प्रदर्शन गर्न सकेमा मात्र हाम्रो राज्य प्रणालीले ठिकसँग गति लिने थियो ।

# सरकार ! कोदो रोपेर धान फलाउन सकिन्छ र ?

**देवेन्द्र चुडाल**

निकै लामो राजनीतिक संक्रमणकालपछि नेपाली जनताले निर्वाचित जनप्रतिनिधिहरु पाएका छन् । सबै तहको निर्वाचन संविधान निर्माण पश्चात् सम्पन्न भएको छ । संघीय संसदद्वारा नेपाल कम्युनिष्ट पार्टीको केपी ओली नेतृत्वको सरकार बनेको छ । नेपाली जनताले विश्वासका साथ नेपाल कम्युनिष्ट पार्टी एक्लैलाई दुई तिहाई मत दिएर बलियो सरकारको निर्माणसमेत भएको छ । नेपाल कम्युनिष्ट पार्टी सहितका राजनीतिक दलहरुले घरघरमा सिंहदरबारको नारा लगाएका थिए । त्यसै अनुरुप घर घरमा सिंहदरबार पुगेको छ ।

तीन तहका सरकारले जनताको सेवा गरिरहेको भए पनि पछिल्लो समयमा खासगरी स्थानीय सरकार भने भ्रष्टाचारमा डुबेका छन् । जनताको सेवा गर्ने कसम खाएका जनप्रतिनिधिहरु भ्रष्टाचारमा डुब्नु भनेको जनता माथिको घात हो । जनतालाई अनेक प्रकारका कर लगाएर जनताको ढाड सेक्ने काम स्थानीय सरकारले गरिरहँदा पनि संविधानले दिएको अधिकार प्रयोग गरेर स्थानीय तह र प्रदेश सरकारलाई संघीय सरकारले नियन्त्रण गर्न सकिरहेको छैन ।

नेपाल कम्युनिष्ट पार्टीलाई जनताले पाँच वर्षसम्म सरकार सञ्चालनको जिम्मेवारी सुम्पिएका छन् । मुलुकमा रहेका ७ प्रदेश मध्येका ६ प्रदेशमा नेकपाकै बहुमतको सरकार रहेको छ भने संघीय संसददेखि प्रदेशमा ६ वटै प्रदेशसभामा नेपाली कांग्रेस प्रमुख विपक्षी दल रहेको छ । संविधान त जनताका गुनासा पीरमर्का सुन्ने र त्यसको निराकरण गर्ने दायित्व स्थानीय जनप्रतिनिधिहरुकै भए पनि जनप्रतिनिधिहरुले त्यस्तो दायीत्व निभाउन सकिरहेका छैनन् । त्यति हुँदा पनि त्यसको समाधान खोज्ने संघीय सरकारदेखि प्रदेश सरकार हुँदै स्थानीय तहले खासै पहल गरेका छैनन् ।

पछिल्लो समयमा विकास निर्माणले केही गति लिन थाले पनि ठुल्ठुला आयोजनाहरुले गति लिन सकिरहेका छैनन् । उपत्यकाबासीको झण्डै २ देशकदेखिको मेलम्चीको पानी खाने सपनामा फेरि एकपटक कालो बादल लागेको छ । मेलम्चीको पानी आउन अझैं अनिश्चित बनेको बेला संघीय सरकारले आयोजना छिटो सम्पन्न गर्न कुनै महत्वपूर्ण भूमिका खेल्न सकेको देखिएको छैन । खानेपानी तथा सरसफाई मन्त्रालयका मन्त्री, सचिव र अन्य कर्मचारीहरुको भ्रष्ट प्रवृत्तिले गर्दा मेलम्ची आयोजना पछाडि धकेलिएको छ ।

पछिल्लो समयमा केपी ओली नेतृत्वको सरकारले प्रमुख विपक्षी दललाई विश्वासमा लिन नसक्दा जनतामा फेरी बन्द हड्ताल जस्ता कार्यहरु हुने हुन् कि भन्ने आशंकासमेत जन्मिएको छ । ओली नेतृत्वको सरकारले प्राथमिकता तोकेर कामहरु अगाडि बढाएको भए पनि तोकिएको समयसीमा भित्रमा एउटा पनि काम सम्पन्न भएका छैनन् । चुनावका बेला जनतालाई बाँडिएका आश्वासनहरु पूरा हुन नसकेको र सरकारले समेत गति लिन नसकेकोमा जनता भने निराश हुँदै गएका छन् । केपी ओली नेतृत्वको सरकारलाई काम गर्न कुनै बाधा विरोध छैन । सरकारसँग संसदमा दुई तिहाईभन्दा बढी मत छ । नेपालको इतिहासमै सरकारलाई यस्तो सुवर्ण अवसर विरलै आउँछ । आजसम्म कुनै पनि सरकारलाई यस्तो अवसर आएको थिएन । तर ओली नेतृत्वको सरकारलाई यस्तो सुवर्ण अवसर आए पनि सरकारले भने जनताले चाहेजस्तो कार्य गर्न सकिरहेको छैन आखिर किन ?

सरकारले गरेको कार्यशैलीप्रति नेपाली जनता राजनीतिक दल राजनीतिक दल त्यसमा पनि सत्ताधारी दलकै नेताहरुले असन्तुष्टि जाहेर गर्न थालेका छन् । राजनीतिक दलका नेताहरुले र जनताले पछिल्लो समयमा देशमा भाईरहेका घटनाक्रमलाई लिएर सरकारको चर्को आलोचना गर्दै सडक संघर्ष गरिरहेका छन् । संसद अवरोध हुन थालेको छ । लोकतान्त्रिक व्यवस्थामा सरकारले एउटा नागरिकको पनि कुरा सुन्न सक्नुपर्छ । त्यो जिम्मेवारी र दायित्व सरकारको हो । तर त्यसो हुन सकिरहेका छैन ।

बहुमत दलको सरकार र विपक्षी दलको संसद भन्ने विश्वव्यापी सिद्धान्तलाई सरकारले खिल्ली उडाएको छ । निष्पक्ष हुनुपर्ने प्रतिनिधिसभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्ष समेतले निष्पक्ष भूमिका निभाउन सकेको देखिएको छैन । उनीहरु पहिलो पार्टीका नेता तथा कार्यकर्ता भए पनि सभामुख र अध्यक्ष भएपछि उनीहरुको भूमिका निष्पक्ष हुनुपर्ने हो । तर उनीहरु समेत सरकारको आदेशको पालना गर्ने भूमिकामा मात्र देखिएका छन् ।

माघ ११ गते प्रतिनिधिसभाको बैठक बस्नुअघि कार्य व्यवस्था समितिको बैठकमा सभामुख कृष्णबहादुर महराले प्रधानमन्त्री केपी ओली शनिबार काठमाडौ आउने भएकाले प्रधानमन्त्री आउन्जेल चिकित्साशिक्षा विधेयकहरुलाई अगाडि नबढाउने जानकारी बैठकमा उपस्थित भएका सबै दलका प्रतिनिधिहरुलाई दिएको नयाँ शक्ति पार्टीका संयोजक तथा सांसद डा. बाबुराम भट्टराईले सार्वज्नक गरिसकेका छन् । शुक्रबारको सट्टा आइतबार चिकित्सा शिक्षा विधेयक प्रधानमन्त्रीको उपस्थितिमा पारित गराउँदा सरकारलाई के हानी हुन्थ्यो ? सभामुखजस्ता मान्छेले एक दुई घण्टामा कार्यव्यवस्था समितिका सदस्यहरुलाई ढाट्नु कति उचित थियो ? जसरी भएपनि विधेयक पारित गराउने दाऊमा सरकार लाग्नुको अर्थ के ?

यी सबै कार्यहरुले गर्दा स्वयम् प्रधानमनत्रीको कद घटेको छ । प्रमुख विपक्षी दलसँग वार्ता गरि सहमति गर्न सकिने सम्भावनालाई सत्ताधारी दलले कुनै प्रयासै नगरी जबरजस्ती विधेयक पारित गर्नु लोकतन्त्रकै उपहास मानिनुपर्दछ । पछिल्लो समयमा निर्मला बलात्कार काण्ड, हत्या, हिंसा, अपहरण, वाइडवडी खरिद काण्ड जस्ता घटना मुलुकमा भएका छन् । निर्मला पन्तको हत्या भएको ६ महिनासम्म पनि अपराधीहरुलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन नसक्नु सरकारको असफलता हो ।

ओली नेतृत्वको सरकारले मुलुकलाई भ्रष्टाचारमा शुन्य सहनशीलता अपनाउने भने पनि प्रत्येक दिन सरकारी कर्मचारीहरु घुससहित पक्राउ परिरहेका छन् । संवैधानिक रुपमा भ्रष्टाचारलाई नियन्त्रण गर्न गठन भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेत पछिल्लो समयमा खरिदार र सुब्बालाई पक्राउ गर्दैमा दंग परिरहेको छ । राज्यकोषबाट आफ्नो कार्यकर्ताहरुलाई करोडौं रकम बाँडिएको छ । तत्कालीन माओवादी लडाकुलाई दिइएको रकममा व्यापक भ्रष्टाचार भएको भन्दै तत्कालीन नेकपा एमाले भातृ संगठन युवा संघका अध्यक्ष एवं हाल भक्तपुर निर्वाचन क्षेत्र नं. २ बाट प्रत्यक्ष निर्वाचित सांसद महेश बस्नेतले प्रमाणसहित अख्तियार दुरपयोग अनुसन्धान आयोगमा उजुरी गरेका थिए ।

पूर्व लडाकुहरुले समेत शिविरमा व्यापक भ्रष्टाचार भएको भन्दै छानविन गरि दोषीलाई कारबाही गर्न माग गर्दै उजुरी दिएका थिए । तर अख्तियारले कारबाही त परै जाओस् उजुरीसम्म हेरेको छैन । अख्तियारले भ्रष्टाचारको फाइल खोल्न लागेको सूचना पाएपछि सरकारले आफै निर्णयविरुद्ध अख्तियारका पदाधिकारीसहित सबै कर्मचारीहरुलाई शतप्रतिशत भत्ता दिएर उनीहरुलाई खुसी पार्ने प्रयास गरिएको छ । अख्तियारमा झण्डै ३ सय कर्मचारी कार्यरत रहेका छन् ।

अर्थमन्त्री डा. युवराज खतिवडाले आर्थिक मितव्यायिता अपनाउने र आर्थिक अनुशासन राख्ने भन्दै अगाडिको सरकारले दिँदै आएका सबै खाले भत्ता ओली नेतृत्वको सरकारले कटौती गरेको थियो । तर सत्ताधारी दलकै नेताहरु भ्रष्टाचार काण्डमा मुछिने भए पनि राज्यकोषलाई अबौं क्षति पुग्ने गरी अख्तियारका पदाधिकारी र कर्मचारीहरुलाई शतप्रतिशत भत्ता दिने निर्णय गरेर सरकारले कर्मचारीमाथि विभेद गरेको छ । प्रधानमन्त्री ओलीले जतिसुकै ठूला-ठूला डंक पिटे पनि उनको पालामा यसअघिको सरकारको पालामा भन्दा बढी आर्थिक सहायता प्रदान गरिएको छ ।

शतप्रतिशत भत्ता दिँदा राज्य कोषमा झण्डै ५ अर्ब रुपैयाँ खर्च हुन्छ । ५ अर्ब रुपैयाँले प्रत्येक वर्ष विद्युत उत्पादनमा लगाउने हो भने ५० मेगावाट विद्युत उत्पादान हुन सक्छ । तर सरकारले त्यसतर्फ भन्दा आफ्नो आलोचना र आफ्नो पार्टीका नेता तथा कार्यकर्ताहरुलाई पोस्नैको लागि गरिब जनताले तिरेको करमाथि ब्रह्मलुट मच्चाउँदै आएको छ ।

नेपाल राष्ट्र बैंकले महंगी घटेको तथ्यांक सार्वजनिक गरे पनि त्यो कागजमा मात्रै सीमित रहेको छ । कागजमा महंगी घटेको छ । ६५ देखि ७० रुपैयाँमा काठमाडौमा पाइने चिनी प्रतिकिलो ९० मा खरिद बिक्री भएको छ । प्रतिकिलो चिनीमा १५ देखि २० रुपैयाँ बढ्दा पनि राष्ट्र बैंक भने महंगी घटेको तथ्यांक लिएर बसेको छ । के यो ओली सरकारलाई खुसी पारेर गर्भनर आफु पदमा अडिरहने दाऊ होइन र ?

जनतामा पहिला प्रधानमन्त्री ओलीप्रति निकै आशा एवं विश्वास थियो । जनताले त्यही विश्वासका आधारमा नेकपालाई होइन, ओलीलाई प्रधानमन्त्री बनाउन भोट दिएका थिए । तर अहिले जनताको त्यो आशा निराशामा बदलिएको छ । प्रधानमन्त्रीकै निर्वाचन क्षेत्रका जनता पनि आक्रोशित भएका छन् । तर प्रधानमन्त्री ओली भने आफ्नो विरोध सुन्न सक्दैनन् । सरकारको आलोचना उसको कामका बारेमा हुने हो ।

सरकारको आलोचना गर्दा प्रधानमन्त्रीले आलोचकहरुलाई अनेक उपमा दिने गरेका छन् । सरकारको काम कारबाहीको विरोध गर्दा गणतन्त्रकै विरोध हुन्छ भन्नु कहाँको न्याय हो ? सत्ताधारी दलका नेता तथा कार्यकर्ताहरु नै पछिल्लो समयमा विभाजित भएका छन् । सत्ताधारी दलभित्र ओली गुट, पुष्पकमल दाहाल गुट र माधव नेपाल गुट गरी तीन गुट सक्रिय भएका छन् । त्यसको एउटै कारण हो नेकपाको आउँदो महाधिवेशनबाटै नेतृत्व हत्याउने खेल अहिलेबाटै सुरु । नेकपाको अध्यक्ष पुष्पकमल दाहालसमेत भित्रभित्रै ओली सरकारलाई असफल बनाएर आफैं मात्र पार्टी अध्यक्ष र प्रधानमन्त्री बन्ने खेलमा लागेको हुनाले पनि प्रधानमन्त्री ओलीले सरकारको कार्य सञ्चालन भन्दा पद बचाउने कार्यलाई ध्यान दिन थालेका हुनाले ओलीको आलोचना पछिल्लो समय बढ्दै गएको छ ।

# राजनीति, ब्युरोक्रेसी र निजी क्षेत्र

**विनोद चौधरी**

***यो निराशाजनक अवस्थामा हामी सबैलाई के विश्वास भयो भने आर्थिक सामाजिक विकासका लागि, पूर्वाधार विकासमा नयाँ फड्को मार्नका लागि राजनीतिक स्थिरता नै प्राथमिक सर्त हो । नयाँ संविधान जारी भएपछि भएको निर्वाचनमा नेपाल कम्युनिस्ट पार्टीले स्पष्ट बहुमत प्राप्त गर्नु र संसद्को दुईतिहाइ बहुमतको समर्थनमा सरकार बन्नुको पृष्ठभूमिको सोच यही थियो ।***



राजनीतिक स्थिरताले मात्रै विकास हुँदैन भन्ने हामी आफैंले ०४६ सालअघि भोगिसकेका थियौं र अहिले पनि भोग्दै छौँ

विकासका गतिविधिबाट देशमा नयाँ आशाको सञ्चार हुने अपेक्षा गरिएविपरीत अहिले फेरि आमनागरिकको निराशा प्रस्फुटन हुन लागेको देखिन्छ । यहाँनेर म संक्षिप्तमा नेपालको राजनीतिक पृष्ठभूमि स्मरण गर्न चाहन्छु । हामी दशकौँ राजनीतिक अस्थिरताबाट गुज्रियौँ । पचासको दशक त सशस्त्र द्वन्द्वमै बितायौँ । त्यसअघि र त्यसपछि पनि राजनीतिक अस्थिरता सधैँ व्याप्त रह्यो । पछिल्लो राजनीतिक परिवर्तन २०४६ साललाई आधार मानेर हेर्दा त्यसपछिका वर्षमा प्रत्येक सरकारको कार्यकाल औसतमा एक वर्ष कायम भयो ।

आर्थिक वृद्धिदर औसतमा ५ प्रतिशतमा सीमित रह्यो । तर, कुनै-कुनै वर्ष हामी 'ऋणात्मक आर्थिक वृद्धि (नेगेटिभ ग्रोथ)' बाट पनि गुज्रियौँ । आन्तरिक एवं बाह्य लगानी निकै सुस्त रह्यो । देशका युवाको रोजगारीको विकल्प वैदेशिक रोजगारी बन्यो । नयाँ पूर्वाधार निर्माणको पहल भएन, तर भएका पूर्वाधार नष्ट गर्ने प्रवृत्ति भने मौलाउँदै गयो ।

यो निराशाजनक अवस्थामा हामी सबैलाई के विश्वास भयो भने आर्थिक सामाजिक विकासका लागि, पूर्वाधार विकासमा नयाँ फड्को मार्नका लागि राजनीतिक स्थिरता नै प्राथमिक सर्त हो । नयाँ संविधान जारी भएपछि भएको निर्वाचनमा नेपाल कम्युनिस्ट पार्टीले स्पष्ट बहुमत प्राप्त गर्नु र संसद्को दुईतिहाइ बहुमतको समर्थनमा सरकार बन्नुको पृष्ठभूमिको सोच यही थियो ।

हामीले राजनीतिक स्थिरता खोजेका थियौँ, त्यो पायौँ । त्यो राजनीतिक स्थिरतामा देशले आर्थिक, सामाजिक विकासमा फड्को मार्ने आशा आमजनताले गरेका भए पनि यसको कुनै संकेत अझसम्म पाइएको छैन । के हाम्रो विकास प्रक्रियालाई अगाडि बढाउने विधि गलत थियो त ? विकासका लागि राजनीतिक स्थिरता अनिवार्य सर्त हो भनेर निष्कर्ष निकाल्नु गलत थियो त ? मलाई अझै लाग्दैन, हामी गलत थियौँ भनेर । पछिल्लो समय 'एसियन टाइगर ( तीव्र आर्थिक वृद्धि हासिल गरेका दक्षिणपूर्वी एसियाली मुलुक)' हरूको उदय राजनीतिक स्थिरतामै भएको थियो । आर्थिक विकासमा चीनले अमेरिकासँग टक्कर लिने वातावरण राजनीतिक स्थिरतामै बनेको थियो । भारतको लोकतन्त्रले पनि उदार नीति र राजनीतिक स्थिरतामै विश्व अर्थतन्त्रको शिखरमा पुग्ने चाँजोपाँजो मिलाएको हो ।

हामीले देखे-सिकेका अर्थतन्त्रको विकास राजनीतिक स्थिरतामै भएको थियो । मलाई लाग्छ, हामी खासमा गलत थिएनौँ र छैनौँ । तर, हाम्रो सोचलाई सम्मान गर्न नसक्ने सरकार यसका लागि जिम्मेवार छ । जसले राजनीतिक स्थिरता स्वयंलाई अमूर्त रूपमा विकास ठान्ने गल्ती गरिरहेको छ । ०४६ सालअघिको ३० वर्षे राजाको शासनमा पूरापूर राजनीतिक स्थिरता थियो । तर, विकास थिएन । समृद्धि थिएन । रोजगारी सिर्जना थिएन । समावेशी विकासको गन्ध थिएन । राजनीतिक स्थिरताले मात्रै विकास हुँदैन भनेर त हामी आफैँले त्यतिखेरै भोगेका त थियौँ र अहिले पनि भोग्दै छौँ ।

नयाँ सरकार बनेको लगभग दुई वर्षको प्रारम्भिक दिनले नेपाली नागरिकलाई उत्साहित बनाएन । आन्तरिक लगानीकर्तालाई उत्साहित बनाएन । बाह्य लगानीकर्ताले नेपालतर्फ आकर्षित हुनुपर्ने कुनै कारण फेला पार्न सकेनन् । पूर्वाधार विकासमा जग खन्न सकिएन । आशा त जगाइयो, तर त्यो आशामा अलिकति पनि काम अगाडि नबढ्दा छोटो समयमै निराशा फैलिने आधार तयार भयो ।

अहिले हामी ठीक यही बिन्दुमा उभिएका छौँ । प्रत्येक बिहानीका अखबारमा हामी आर्थिक, सामाजिक र पूर्वाधार विकासका उत्साहजनक समाचार पढ्न पाइएला कि भनेर आँखा डुलाइरहेका छौँ । तर, अहँ बिहानीमा झुल्किने सूर्यका किरणले हामीलाई आशातीत त बनाइरहेका छन्, तर खुसी दिन सकिरहेका छैनन ।

वास्तवमा स्थिति झन्-झन् बिग्रँदो छ भनियो भने पनि कुनै गल्ती भइहाल्ने छैन । कर्मचारीतन्त्रले राजनीतिक नेतृत्वलाई दोष दिने र राजनीतिक नेतृत्वले कर्मचारीतन्त्रलाई दोष दिने चक्र चली नै रहेको छ । राजनीतिक नेतृत्वलाई के लागिरहेको होला भने कर्मचारीतन्त्रले नतिजा दिन नसक्दा आज जनताका अगाडि आफ्नो कार्यदक्षता खराब देखिएको छ । तर, राजनीतिक नेतृत्वलाई के थाहा छैन भने कर्मचारीलाई लक्ष्यमुखी बनाउन नसक्नुमा आफ्नै क्षमता दोषी छर । कर्मचारीतन्त्र त उही हो- राजाको काम कहिले जाला घाम ? राजाको शासनकालमा बनेको यो भनाइ गणतन्त्रमा पनि उत्तिकै सान्दर्भिक बनिरहेको छ । उसको ध्यान कार्यदक्षतामा होइन, आफूले पाउने अतिरिक्त सेवा-सुविधातर्फ केन्द्रित छ ।

विकासमा एक कदम अगाडि बढ्न निजी क्षेत्रलाई समान तहको सुविधा र अवसर दिइनुपर्छ, निजी क्षेत्रले निःशुल्क सुविधा खोजिरहेको छैन । नेपालमा व्यापार व्यवसाय गर्नु भनेको धेरै चुनौतीलाई स्वाभाविक रूपमा स्वीकार गर्नु हो । व्यापार र उद्यम गर्न चाहिने लगानी (कस्ट अफ डुइङ बिजनेस) धेरै नै महँगो छ । त्यसैले सजिलो छैन । र, नेपालको वातावरणप्रति पूर्वजानकारी नभएको लगानीकर्ताले लगानीको निर्णय लिन पनि नसक्ने अवस्था देखिइरहेको छ ।

निजी क्षेत्र, कर्मचारीतन्त्र र राजनीति जुनसुकै क्षेत्रमा पनि राम्रा र नराम्रा व्यक्ति हुन्छन् । राज्यको जिम्मेवारी भनेको राम्रालाई प्रोत्साहन गर्ने, सहजीकरण गर्ने र इज्जत दिने हो । तर, हामीकहाँ सबैलाई एउटै डालोमा हालेर हेर्ने, व्यवहार गर्ने प्रवृत्ति विकास भएर गएको छ । यो खराब प्रवृत्ति हो, यसमा सुधार भएन भने भोलि जुनसुकै क्षेत्रमा पनि 'चोर र साधु'बीचको अन्तर हराउँछ । र, यसले सिंगो राष्ट्रिय प्रणालीलाई नै धोद्रो बनाउँछ । हामीले राम्रोसँग के बुझ्नुपर्छ भने राजनीति उत्कृष्ट हुँदाहुँदै वा कर्मचारीतन्त्र उत्कृष्ट हुँदाहुँदै प्रणालीलाई दुरुपयोग गर्न सम्भव छैन । त्यो वेलामा मात्रै प्रणाली दुरुपयोग हुन्छ, जुन वेला राजनीतिज्ञ, कर्मचारीतन्त्र र बिजनेसम्यान एउटै कित्तामा उभिन्छन् । उनीहरूको नेक्ससविना यसो हुन सम्भव छैन । त्यसैले निजी क्षेत्रलाई बदमास मानिरहँदा त्यही समयमा कर्मचारीतन्त्र र राजनीतिज्ञ कहिले पनि सज्जन हुन सम्भव छैन ।

त्यसैले हाम्रो प्रणालीमा सुधार गर्ने हो भने तिनै पक्षलाई आ-आफ्नो दोषको भारी पनि बोकाउने र त्यसलाई एउटा दण्ड प्रणालीमा लिएर जाने व्यवस्था मिलाउनुपर्छ । त्यस्तो अपराधमा जेलनेलको सजायबाट केही पनि हुँदैन । आर्थिक दण्ड नै प्रभावकारी हुन्छ । नेपालको सन्दर्भमा जेलनेलका कारण झन् उल्टो भएको छ । अर्बौंको भ्रष्टाचार गर्ने र जेलमा दुई-तीन वर्ष बसेर आउने । अदालतबाट उन्मुक्ति पाउने र भ्रष्टाचारको सबै कमाइ पचाउने परिस्थिति सिर्जना भएको छ र आज भारतले पनि प्रणालीलाई सफा गर्न विमौद्रिकीकरण ( डिमोनिटाइजेसन) देखि वस्तु तथा सेवा कर (गुड्स एन्ड सर्भिसेज ट्याक्स अथवा जिएसटी) सम्मका दूरगामी कदम उठाइरहेको छ । प्रत्येक भारतीय नागरिकको बैंक खाता खुलोस् भनेर लागिरहेको छ । अहिले वर्तमान बजेटमा एक लाख २७ हजार करोडको लगानी हरेक घरमा पानी पुर्‍याउनका लागि भारत सरकारले खर्च गरेको छ । ऊर्जामा भारत आत्मनिर्भर भइसक्यो ।

सौर्य ऊर्जामा ठूलो सफलता हात पारेको छ, भारतले । तर, भारतको अर्थतन्त्र खस्किरहेको छ । भारतीय अर्थतन्त्र संकटतर्फ जाने हो कि भन्ने आशंका उब्जिरहेका छन् । किनभने त्यहाँ पनि निजी क्षेत्रप्रतिको दृष्टिकोण सकारात्मक छैन । हरेक क्षेत्रलाई कर तिर्ने दायित्वका नाममा आतंकित गरेर तह लगाउने भन्ने मानसिकता व्याप्त छ । विमौद्रिकीकरण र जिएसटीसम्मको उद्देश्य यही हो भन्ने विश्लेषण भइरहेको छ । त्यसको प्रभाव भारतको आर्थिक वृद्धिदरमा नकारात्मक परिरहेको छ । पहिलो त्रैमासमा आर्थिक वृद्धिदर ५.५ प्रतिशतमा खुम्चिएको छ । भारतीय अर्थतन्त्र सुस्ताएको चर्चा चलिरहँदा त्यसको नेपाली अर्थतन्त्रमा के प्रभाव पर्छ भन्ने विश्लेषण सुरु भइसकेका छन् ।

यसको नेपाल प्रभाव के हुन सक्छ भने भारत जस्तो तीव्र गतिको अर्थतन्त्रमा त निजी क्षेत्रलाई साथमा नलिँदा यस्तो स्थिति बन्न सक्छ भने नेपाल, जसका हरेक कुरा, आर्थिक वृद्धिका पिलर शिथिल छन्, एक-अर्काबीच तालमेल छैन, वित्तीय स्रोतको सीमितता छ र भएका स्रोत खर्च गर्ने क्षमतासमेत छैन । त्यस्तो ठाउँ, जहाँ निजी क्षेत्रको ७० प्रतिशतभन्दा बढी लगानी छ, त्यसलाई समेत त्रसित बनाउने, काखापाखा गर्ने, बिचौलियाको भरमा अर्थतन्त्र सञ्चालन गर्ने दृष्टिकोण राखियो भने त्यसको परिणति के होला ? के हामीले यसतर्फ अलिकति गम्भीर भएर सोचेका छौँ ?

अहिले राष्ट्रका अगाडि देखिएका चुनौती पनि यसैबाट निर्देशित छन् । अत्यन्तै रफ्तारमा चुलिँदै गएको व्यापार घाटा, घट्दो निर्यात, संशोधित राजस्व पनि प्राप्त नभएको अवस्था छन । संघ, प्रदेश र स्थानीय सरकारले स्रोत जुटाउने नाममा धान्नै नसक्ने कर लगाउने प्रवृत्ति देखिएको छ । एकातिर यो बाध्यताले गर्दा उद्योग या करदाता धाराशयी भइरहेका छन् भने अर्कातिर सरकारले उठाएको कर खर्च गर्न नसकेर त्यो पैसा भ्रष्टाचारको मुहान बनिरहेको छ । यी सब कुरालाई हेरिरहेका जनतामा चरम असन्तुष्टि बढ्दो छ ।

राजनीतिसँग जोडिएका यस्ता आधारभूत विषयलाई सम्बोधन गर्ने हो भने नेपालको व्यापारिक समुदायमा फेरि पनि आशाको रक्तसञ्चार हुने सम्भावना बाँकी नै छ । अहिले नेपालको औद्योगिक क्षेत्रको दिशा परिवर्तन भइरहेको छ । स्थानीय सेवा, स्थानीय कच्चा पदार्थ र स्थानीय प्राकृतिक स्रोतमा आधारित उद्योगमा लगानी गर्नेतर्फ हाम्रा लगानीकर्ताको ध्यान गइरहेको छ । तर, तीमध्ये कतिलाई दिगो बनाउन सकिन्छ भन्नेतर्फ भने समयमै सोच्नु जरुरी हुन्छ । जस्तै- नेपालको एउटा ठूलो क्षेत्र भनेको कृषि नै हो, जुन सबैभन्दा अप्रतिस्पर्धी क्षमताको छ । यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन राज्यले केकेमा सहयोग र हौसला प्रदान गर्‍यो त ? के हामीले निःशुल्क मलखाद, सिँचाइजस्ता आधारभूत पक्षमा समर्थन गर्न सक्यौँ ? कृषि सबैभन्दा कम प्रतिफल पाइने क्षेत्र बनेको छ । कृषिक्षेत्रमा लागेको मानिसको दैनिक ज्यालालाई यदि न्यूनतम ज्यालासँग तुलना गरेर हेरियो भने भोलिदेखि कोही पनि यस क्षेत्रमा लाग्ने स्थिति देखिँदैन । कृषि यस्तो क्षेत्र बनेको छ, जहाँ विनाज्याला काम गर्नुपर्छ । हाम्रो अर्थतन्त्रको एउटा मुख्य क्षेत्र मानिएको कृषिमा ज्याला नै नलिई काम गर्नुपर्ने अवस्था छ भनेपछि हाम्रो अर्थतन्त्रका आधारभूत मुद्दालाई सम्बोधन गर्नेतर्फ राज्यले उचित ध्यान दिनुपर्छ । अनि मात्र बल्ल नयाँ क्षेत्रहरूमा सम्भावना खुल्नेछन् ।

*(नयाँ पत्रिकाबाट साभार)*

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रो. राजेन्द्र पिया
होटल ईमेज प्यालेस
पोखरा वसपार्क, नारायणगढ

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रो. चुडामणि पौडेल
सुलभ छापाखाना
शहिदचोक, नारायणगढ

## स्टाइल सुजको हात खाली नजाने उपहार योजना

काठमाडौं । नेपाली ग्राहकको मन जित्न सफल स्टाइल सुजले दसैं, तिहार र छठ पर्वलाई लक्षित गरेर जुत्ता खरिद गर्दा हात खाली नहुने उपहार योजना ल्याएको छ । कम्पनीका अनुसार एकजोर जुत्ता खरिदमा एक सयदेखि एक लाख रुपैयाँसम्म नगद उपहार पाइनेछ ।




पछिल्लो समय स्टाइल सुज युवापुस्ताको विशेष रोजाइमा पर्ने गरेको प्रबन्ध निर्देशक कुमार न्यौपानेले बताए । नेपालमा उत्पादित जुत्ताहरु आधुनिक युवायुवती भन्दा पनि अलि उमेर ढल्केकाहरुको लागि मात्र हो भन्ने आम धारणालाई चिर्न पनि आफ्नो कम्पनीले उनीहरुको इच्छानुसारको नयाँ नयाँ डिजाइन उपलब्ध गराएको उनले जानकारी दिए । कम्पनीले हरेक किसिमका ग्राहकका लागि करीब ५ सय भन्दा बढी डिजाइन बजारमा ल्याएको छ ।

पार्टी सुज स्पोर्ट्स सुज कजुअल सुज अफिसियल सुज स्कुल, कलेज सुज लगायतका अन्य डिजाइन रहेको बताएको छ । हाल स्टाइल सुज नेपालका ६५ जिल्लामा उपलब्ध हुने र आगामी वर्षभित्र ७७ ओटै जिल्लामा पुयाउने लक्ष्य रहेको प्रबन्ध निर्देशक न्यौपानेले जानकारी दिए । उनका अनुसार स्टाइल सुजमा ६ महिनाको वारेन्टी दिइएको छ ।

## चितवनका युवा पत्रकार सम्मानित

**राजेन्द्र आचार्य**

चितवन । चितवन चितवनमा लामो समय क्रियाशील भई काम गरेका युवा पत्रकार राजेन्द्र आचार्य सहित पहिलो पटक सातै प्रदेशका ७ उत्कृष्ट किसानसहित विभिन्न व्यक्तित्वहरु सम्मानित भएका छन् ।

पत्रकार आचार्यसगैं अर्का युवा फोटो पत्रकार तथा नागरिक साप्ताहिकका संवाददाता र मेरो फिल्म डट कमका प्रधानसम्पादक श्रीधर पौडेलसहित ७ उत्कृष्ट किसानहरु र अन्य व्यक्तिहरुलाइ नेपाल सरकारका उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल, पूर्व उद्योग मन्त्री महेश बस्नेत,



कृषि तथा पशुपंक्षि मन्त्रालयकी राज्यमन्त्री राम कुमारी चौधरी र शिखर नेपालका अध्यक्ष तथा प्रबन्ध निर्देशक शेखर नेपालले रुद्राक्ष र फलमालासहित सम्मानपत्रले सम्मानित गरेका थिए ।

शिखर व्याक्तित्व सम्मान २०७६बाट चितवनकी समाजसेवी मञ्जु खाँड समेत सम्मानित भएकी छिन् । भने चितवनकै कुखुरा पालन क्षेत्रमा सक्रिय लक्ष्मी राणा समेत शिखर कर्मशिल कृषक अवार्ड सम्मानित भएकी थिईन् ।

नेपाल टेलिभिन र नागरिक साप्ताहिकका संवाददाता रहेका युवा आचार्य विगत १५ बर्षदेखि पत्रकारितामा सक्रिय छन् । प्रेस सेन्टर नेपाल चितवन शाखाका सचिवसगैं चितवनमा स्थानिय सौराहा अनलाईन डिजिटल पत्रिका र नमस्ते बिहानी साप्ताहिक पत्रिका प्रधानसम्पादक समेत रहेका छन् । यस्तै सम्मान मार्फत हरेक प्रदेशबाट एक-एक जनालाई सर्वोत्कृष्ट राष्ट्रिय शिखर कृषक अवार्ड सहित १५ हजार नगद पुरस्कारसहित पाँच-पाँच जनालाई सम्मान गरेको थियो । विभिन्न विधामा करिब एक सयभन्दा बढीलाई सम्मान गरिएको थियो ।

## तीन सरकारबीच टकराब कहिलेसम्म ?: मुख्य मन्त्री शही

काठमाडौं । कर्णाली प्रदेश सरकारका मुख्य मन्त्री महेन्द्र बहादुर शाहीले संविधान जारी भएको चार वर्ष वित्दासम्म पनि केन्द्र, प्रदेश र स्तानिय तहबीचको टकराबले गुणात्मक विकासको चाहना तुइको बताएका छन् । शुक्रबार काठमाडौंको संवाद डबलीले मुख्यमन्त्री शाहीसंगको सात्क्षात्कार कार्यक्रममा सो चिन्ता व्यक्त गरेका हुन् ।

मन्त्री शाहीले संविधान जारी भएको एक वर्ष भित्रमा संघिय कानून बनि सक्नु पर्नेमा हालसम्म पनि कानूनी र नीतिगत अन्योलताले घरगरेको धारणा राख्दै भने,"कानूनी जटिलताले जनताको चाहना र नयाँ व्यवस्थाको मर्म अनुसारको विकास र स्थायित्व अगाडी बढ्न नसक्नु दुर्भाग्य हो ।"

उनले तीन सरकारबीचका साझा अधिकार र सूचिका बारेमा जानकार भए पनि कार्यान्वयनमा समस्या रहेको जिकिर गरे, मुलत पुरानो शासन व्यवस्थाप्रति लैश व्यक्तिहरु नयाँ व्यवस्थाई स्थापित गर्न अनाकानी गरिरहेको आरोप समेत लगाए ।

मुख्य मन्त्री शाहीले स्थायी सम्रचना बनाउने, स्थानियस्रोत-साधनको विन्यासको लगायतका विषयमा पनि संविधानले बाटो खोले पनि केन्द्र सरकारको ढिलासुस्तिले संका उब्जाएकोसमेत धारणा राखे । हरेक कुराको जग कानूनी अन्यौलता नै रहेको प्रष्ट्याउँदै भने, "आज राज्यको क्षमता भन्दा बढी माग छ, हाम्रा सिमा र बाध्यता कस्ले बुझ्ने, सबैलाई खुसि पार्नु पर्ने विगतको संस्कारको कारण कोहि खुसि बन्न सकेको छैनन् ।" यस्तो अवस्थामा केन्द्र सरकारले छिटो भन्दा छिटो काम कारबाही अगाडी बढाएर जिम्मेवार बन्नु पर्ने धारणा रखेका छन् ।

एनजियो र आइएनजियोहरुको बारे कटाक्ष गर्नु हुन्छ भन्ने पत्रकारहरुको जिज्ञासामा भने,"एनजियोहरुले आज मानिसहरुलाई अल्छि बनाएको छ, मन परि अब चल्दैन, मान्नेलाई ठिक छ नमान्नेलाई ठेगान लाउने हो ।" हिजो सबैले अर्ग्यानिकतालाई बढावा दिने गरे पनिअहिले स्थानियहरु अल्छि भएको र त्यसको कारक तत्व एनजियो भएको आरोप लगाए। शाहीले एनजियोहरुलाई प्रदेश सरकारको मातहतमा ल्याउने नीति बनेको र नमान्ने र अटेर गर्नेहरुलाई कडा कारबाहीको दायरामा ल्याउने चेतावनी पनि दिए ।

त्यसैगरी कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष प्रा.डा.पुण्य प्रसाद रेग्मिले, संघिय राज्य ब्यवस्थाको विषयमा अनुभव नभएका कारण विकास निमार्णले रफ्तार नपकडे पनि अब त्यो विस्तारै परिचित हुन थालेको धारणा राखे ।

# ‘माटोले जे खोज्छ त्यै गर्नुस्’: मन्त्री अर्याल

काठमाडौं । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्‌मकुमारी अर्यालले माटोको विशेषता, बजारको आवश्यकता अनुसार सहकारीकर्मीहरू अगाडी बढ्न निर्देशन दिनुभएको छ । काठमाडौंमा आयोजीत सहकारी संस्थाहरूको वार्षिक साधारणसभालाई सम्बोधन गर्दै मन्त्री अर्यालले त्यस्तो बताउनुभयो ।




शुभप्रवा बचत तथा ऋण सहकारी संस्थाको दशौं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै मन्त्री अर्यालले सहकारीलाई कमाउने धन्दा मात्रै बनाउन नहुने बताउनुभयो । संस्थाको सदस्यको हितलाई पहिलो प्राथमिकता राखेर सहकारीले काम गर्नुपर्ने भन्दै उहाँले त्यसपछि संस्थाको सन्देश प्रवाह गर्नेगरी काम गर्न आग्रह गर्नुभयो ।

सहकारी अभियान कौशीमा भएकालाई पिंढिमा झार्ने नभएर पिंढिमा भएकालाई कौशिमा उकाल्ने अभियान भएको भन्दै मन्त्री अर्यालले ३४५१२ सहकारीमध्ये करिब आधा जति बचत तथा ऋण सहकारी संस्थाहरु रहेको बताउनुभयो । त्यसकारण अब मन्त्रालयले मर्जरको अभियान सञ्चालन गरेको भन्दै बचत तथा ऋण सम्बन्धी काम गर्ने संस्थाहरूले पनि अब काम गर्ने तरिका बदल्ने अवस्था आएको उहाँको भनाइ थियो ।

पूँजि जति परिचालन भयो त्यति फाइदा हुने भन्दै मन्त्री अर्यालले संकलन भएको रकम थुपारेर राख्ने मात्र नभएर त्यो पैसालाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न निर्देशन दिनुभयो । ‘अब सबै सहकारीलाई उत्पादनमूलक क्षेत्रमा लगाउने कानुन बनाउदैछौं । अबको कानुन आजको आवश्यकता पूरा गर्ने हो । सहकारीको हातखुट्टा बाँधेर प्रगति हुदैन’, मन्त्री अर्यालले भन्नुभयो, ‘माटोले जे खोज्छ बजारले के खोज्छ त्यै गर्नुस् । भएको पैसा उत्पादनमूलक कार्यमा लगाउनुस र बढी भन्दा बढी युवालाई रोजगारी दिनुस ।’

अबको पुरानो कानुनले आजको सहकारीको आवश्यकता पूरा नगर्ने भन्दै मन्त्री अर्यालले सहकारी ऐन २०७४ ले समेट्न नसकेका कुरा समेट्नका निम्ती ऐन संशोधन गरेर हामी अगाडि बढ्ने बताउनुभयो । दिगो लक्ष्य हासिल गर्नका निम्ति द्रुतगतिमा बढीभन्दा बढी मान्छे सहभागी गराएर उत्पादनमा लगाउनुपर्ने भन्दै उहाँले तबमात्र दिगो लक्ष्य हासिल गर्न सकिने बताउनुभयो । ‘गाउँमै उत्पादन बढाउने त्यसपछि रोजगारी सिर्जना गरेर अब विदेशिने युवालाई स्वदेशमै रोक्नुपर्छ’, उहाँले भन्नुभयो ।

सहकारीमा भएको लगानीको सुरक्षाका निम्ति मन्त्रालयले कर्जा सूचना केन्द्रको आवश्यकता देखेर त्यसलाई अगाडि बढाएको भन्दै उहाँले सहकारीमा ब्याजको विषयलाई लिएर धेरै गुनासो आएपछि त्यसमा एकरूपता ल्याउन अहिले १६ प्रतिशत ब्याजदर तोकिएको बताउनुभयो ।

यसैगरी ज्ञानज्योति महिला उत्थान बचत तथा ऋण सहकारी संस्थाको १७ औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै मन्त्री अर्यालले अब बचत तथा ऋण सहकारीले पनि निश्चित उद्देश्य लिनुपर्ने बताउनुहुन्छ ।

संविधानसभाबाट महिलामैत्री संविधान बनाएका कारण हिजो घरमा केही तलमाथि भयो भने रित्तै हात महिला निस्कनुपर्ने अवस्थाको अन्त्य भएको उहाँले बताउनुभयो । अहिले अवस्था फेरिएको भन्दै मन्त्री अर्यालले महिलाको अधिकार र पहिचानको निम्ति महिला अधिकारकर्मीहरुले आवाज उठाएका कारण संविधानमा महिलाको वंश र अंशको अधिकार स्थापित गर्न सफल भएको बताउनुभयो ।

अब यो संविधानलाई कार्यान्वयन गर्नुपर्ने भन्दै उहाँले समाज, राज्य, परिवार महिलामैत्री बन्न थालेको भन्दै अबको आवश्यकता भनेको आर्थिक सशक्तीकरण, क्षमता विकासकै आवश्यकता भएको बताउनुभयो ।

गाँठ दह्रो भयो भने आँट दह्रो हुनुपर्ने भन्दै मन्त्री अर्यालले महिलाहरु आत्मनिर्भर बन्न आग्रह गर्नुभयो । महिलाहरू आत्मनिर्भर बन्दा कसैले पनि हेप्न नसक्ने भन्दै उहाँले सीप सिकेर उद्यमी बन्न मन्त्री अर्यालले आग्रह गर्नुभयो ।

# सहकारीका सञ्चालकहरु आन्दोलित

काठमाडौं । सहकारी विभागले सहकारीमा सन्दर्भ ब्याजदर तोकेर लागू गरेपछि सहकारीका सञ्चालकहरु अत्तालिएका छन् । विभागले गत साउन १९ गतेदेखि सहकारी संस्थाहरुले ऋणमा १६ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था गरेको छ । यो निर्णयले सहकारी संस्थाका सञ्चालकहरुमा चरम असन्तुष्टि देखिएको छ । उनीहरुले सङ्घर्ष समिति नै बनाए ब्याजदर बढाउनेतर्फ लागिपरेका छन् ।

सहकारीमा ६ प्रतिशत स्प्रेडदर (बचत र ऋणमा दिने ब्याजको अन्तर) राख्नुपर्ने प्रावधान छ । यसले बचतमा १० प्रतिशतसम्म दिन सकिनेछ । जिल्ला बचत सङ्घहरु विभागले लागू गरेको ब्याजदर कार्यान्वय गर्न नदिने पक्षमा देखिएका छन् । उनीहरुले उपत्यका सहकारी सङ्घर्ष समिति नै गठन गरेर विरोध गरिरहेका छन् । विभागले सन्दर्भ ब्याजदरलाई सीमा (क्याप) जसरी परिभाषित गरेर ब्याजदरमा कसेर सहकारीको सिद्धान्तमाथि प्रहार गरेको समितिको ठहर छ । उनीहरुले गत भदौ १५ गते राष्ट्रिय सहकारी महासङ्घमा ब्याजदरमा सीमा नलगाउने व्यवस्था गराइदिन भन्दै ज्ञापनपत्र समेत बुझाएका छन् ।

ज्ञापनपत्र बुझाएपछि महासङ्घको बोर्ड बैठक भदौ १८ गते बस्यो । बैठकले सङ्घर्ष समितिलाई १० दिनभित्र बोलाएर छलफल गरी सोबाट निस्केको निर्णयअनुसार अगाडि बढ्ने धारणा बनाएको थियो । महासङ्घका अध्यक्ष केशव बडाल गत मङ्गलबार मात्र चीनबाट स्वदेश फर्किएका छन् ।

महासङ्घकी उपाध्यक्ष ओमदेवी मल्लले अब चाँडै नै ज्ञापनपत्र बुझाउनेहरुसँग छलफल गरेर एउटा निष्कर्ष निकाल्ने बताइन् ।

**ब्याजको क्याप नहटाए अदालत जाने**

उपत्यका सङ्घर्ष समितिका संयोजक टेक चौलागाईं महासङ्घको पहलमा विभागलाई ब्याजदरको क्याप हटाउन लगाउने बताउँछन् । उनले भने, ‘सरकारले सन्दर्भ ब्याजदरलाई गलत तरिकारले परिभाषित गरेर ब्याजदरमा क्याप लगाएको छ । १६ प्रतिशतभन्दा माथि जानै पाउँदैन भनेको छ । यो सहकारीको सिद्धान्त विपरीत छ । महासङ्घकै पहलमा हटाउन लगाउँछौं । नहटे अदालत जान्छौं ।’

जिल्ला सहकारी सङ्घ काठमाडौंका अध्यक्षसमेत रहेका चौलागाईंले सन्दर्भ ब्याजदर लागू गर्ने समय सहकारीलाई नदिएर तत्काल कार्यान्वयन गर्न खोजेकोमा आफूहरुको विरोध रहेको उल्लेख गरे । राष्ट्र बैङ्कले स्प्रेडदर घटाएर बैङ्कहरुलाई लागू गर्ने समय दिएको छ तर सहकारी विभागले अघिल्लो दिन पत्रकार सम्मेलन गरेर भोलिबाटै कार्यान्वयनमा ल्याउने घोषणा गरेको भन्दै चौलागाईंले कम्तीमा ३ महिना, ६ महिना अथवा ३५ दिनसम्मको समय दिएर लागू नगरेकामा आपत्ति जनाए । उनले भने, हामी महासङ्घलाई कन्भिन्स गराएर अघि बढ्छौं, त्यसो गर्दा पनि समाधान निस्केन भने यो मुद्दा अदालत जान्छौं ।

सहकारी सञ्चालकहरुले सरकारीको स्वायत्तताको विभागले हनन् गरेको अभिव्यक्ति विभिन्न कार्यक्रममा दिँदै आएका छन् । उनीहरुको ब्याजदर बढाउनकै लागि क्याप हटाउनुपर्ने माग छ ।

**ब्याजदरमा महासङ्घ आफै अस्पष्ट, विभागलाई र सहकारी दुवैलाई रिझाउन खोज्ने**

सन्दर्भ ब्याजदर बनाउन राष्ट्रिय सहकारी महासङ्घ आफै सक्रिय थियो । विभागका रजिस्ट्रार डा. टोकराज पाण्डेले सबैसँग व्यापक छलफल गरेर आफूहरुले सन्दर्भ ब्याजदर लागू गरेको भन्दै आएका छन् । तर यता महासङ्घ यो सन्दर्भ ब्याजदरको विषयमा स्पष्ट धारणा बनाउन सकेको छैन । महासङ्घका एक अधिकारी भन्छन्, ‘सन्दर्भ ब्याजदर तत्काल लागू गरेकोमा हाम्रो पनि आपत्ति हो । केही समय दिएर विभागले लागू गरेको भए हुन्थ्यो । अर्को कुरा ब्याजदरमा क्याप लगाएर स्वनियमन र स्वायततामा चल्ने संस्थाको सिद्धान्त विपरीत गएको छ ।’

अर्कोतर्फ केही सहकारीले २४, २५ प्रतिशतसम्म ब्याजदर लिने गरेको महासङ्घभित्रैबाट स्वीकारिएको विषय हो । चर्को ब्याजदर नियन्त्रण हुनुपर्छ भन्ने उनीहरुको धारणा हो । यद्यपि, ब्याजदर नियन्त्रणको बहानामा क्याप लगाउन नहुने महासङ्घकै एक अधिकारी बताउँछन् ।

सहकारी नियमावली २०७५ ले आवश्यकता अनुसार संशोधन गर्न सकिने व्यवस्था गरेकाले ब्याजदरको क्याप हटाउन सकिने अवस्था रहेको ती अधिकारी बताउँछन् ।

सहकारी ऐनको दफा ५१ मा सन्दर्भ ब्याजदरसम्बन्धी उल्लेख छ । हाल देशमा ३४ हजार ८ सय ३७ सहकारी छन् । सहकारी विभागका रजिस्ट्रार डा. पाण्डेको संयोजकत्वमामा गठन भएको सन्दर्भ ब्याजदर निर्धारण समितिले सो ब्याजदर निर्धारण गरेको हो ।

यस समितिमा राष्ट्रिय सहकारी महासङ्घ, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थमन्त्रालय राष्ट्र बैङ्क, राष्ट्रिय सहकारी विकास बोर्ड लगायतका प्रतिनिधि सम्मिलित १० सदस्यीय समिति गठन भएको थियो ।

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

टेकबहादुर गुरुङ्ग
पूर्व प्रहरी निरीक्षक
रामनगर-१, चितवन

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

बागलुङ्ग कालिका सू-सेन्टर
शहिदचोक, नारायणगढ

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रो. कृष्णप्रसाद सापकोटा
दमेक ट्रेडर्स
गैंडाकोट-५, नवलपुर

## बैकिङ्ग संसार

### बैतडीमा एनआइसी एशिया बैंकको शाखा

काठमाडौं । एनआइसी एशिया बैंकको नयाँ शाखा बैतडीको पाटनमा सञ्चालनमा आएको छ । बैतडी जिल्ला, पाटन नगरपालिका ६ स्थित पाटन शाखा विहीबार गतेदेखि सञ्चालनमा आएको हो ।

पाटन शाखाको समुद्घाटन पाटन नगरपालिकाका मेयर केशव बहादुर चन्दले गरेका थिए । पाटन शाखा सञ्चालनमा आएसँगै बैतडी क्षेत्रका



ग्राहकलाई यस बैंकको सेवा प्राप्त गर्न थप सहज हुने विश्वास बैंकले लिएको छ ।

एनआइसी एशिया बैंकले मुलुकभर २९८ शाखा कार्यालय, ३ सय ५५ एटिएम, ५८ वटा एक्स्टेन्सन काउण्टर एवं ४१ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ ।

उक्त बैकले वित्तीय समावेशिकरणका लागि मुगु, कालिकोट, बझाङ, रोल्पा, रुकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरुको न्यून उपस्थिति रहेका दुर्गम जिल्लाहरुमा र कुनै पनि बैंक तथा वित्तीय संस्थाहरु नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरुमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ ।

यसैगरी, एन आई सी एशिया बैंकको तीन नयाँ शाखा विराटनगरमा भाद्र २५ गतेदेखि सञ्चालनमा आएको छ । मोरङ जिल्ला, विराटनगर मेनरोडस्थित विराटनगर मेनरोड शाखा र रोडशेषस्थित रोडशेष शाखाको समुद्घाटन विराटनगर महानगरपालिकाका मेयर भीम पराजुलीले उद्घाटन गरे । त्यस्तैगरी विराटनगर हाटखोलास्थित हाटखोला शाखाको उद्घाटन मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी मदन भुजेलले गरेका छन् । यी शाखा विस्तारसँगै बैंकका आदरणीय ग्राहकहरुले आफूलाई पायक पर्ने शाखाबाट बैंकको सेवा प्राप्त गर्न थप सहज हुने विश्वास बैंकले लिएको छ ।

### ग्लोबल आइएमई बैंक र खुल्ला विश्वविद्यालयबीच सम्झौता

काठमाडौं । ग्लोबल आइएमई बैंक र खुल्ला विश्वविद्यालयबीच सम्झौता भएको छ । सम्झौताअनुसार खुल्ला विश्वविद्यालयको सम्पूर्ण बैंकिङ कारोबार ग्लोबल आइएमई बैंकबाट हुने भएको छ ।

उक्त सम्झौतापत्रमा ग्लोबल आइएमई बैंकका किर्तिपुर ब्रान्च म्यानेजर



शोभा न्यौपाने र खुल्ला विश्वविद्यालयका तर्फबाट रजिष्टार कमल ढकालले हस्ताक्षर गरेका छन् । अबदेखि खुल्ला विश्वविद्यालयका सम्पूर्ण विद्यार्थीहरुको शुल्क ग्लोबल आइएमई बैंकबाट भुक्तानी हुने जनाइएको छ ।

### नेपाल बङ्गलादेश बैंक अर्को नयाँ शाखा

काठमाडौं । नेपाल बङ्गलादेश बैंक लिमिटेडले आफ्नो शाखा बिस्तारको क्रममा ९५ औं शाखा ललितपूर जिल्लाको खोकनामा सञ्चालनमा ल्याएको छ । भाद्र २६ गते ललितपूरको खोकनामा शाखा उद्घाटन गरी बैंकले औपचारिक कारोबार शुभारम्भ गरेको छ । उक्त शाखाको औपचारिक समुद्घाटन पम्फा भुसालले गरेकी हुन् । सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री



ज्ञानेन्द्र प्रसाद ढुंगानाले बैंकका सेवाहरुको बारेमा जानकारी दिएका थिए ।

बैंकले यस आसपासका सर्वसाधारणलाई सहज बैंकिङ्ग सेवा सुविधा प्रदान गर्ने उद्देश्यले आफ्नो शाखा सञ्जालमा नयाँ शाखा विस्तार गरेको हो । साथै यस शाखाबाट सर्वसाधारण तथा उद्यमीले सबै प्रकारका निक्षेप तथा कर्जा कारोबार सुविधा र रकम भुक्तानी लगायत सम्पूर्ण बैंकिङ्ग सेवा प्राप्त गर्न सक्ने जनाएको छ । खोकना शाखा बिस्तारसँगै बैंकले ९५ शाखा, ७ एक्सटेन्सन काउन्टर, तथा ७९ वटा (ATM) बाट बैंकिङ्ग सेवा दिने बताइएको छ ।

# बीपीले देखेको प्रजातन्त्रका चुनौती

राष्ट्रियता, प्रजातन्त्र, सामाजिक न्याय- मानिसका यी तीनवटा आधारभूत चाहनालाई एकीकृत रूपमा स्थान दिने राजनीतिक अवधारण नै प्रजातन्त्र हो ।

कमसेकम एसियाली धारणामा त प्रजातन्त्र भनेको त्यही नै हो । तसर्थ, नेपालको सन्दर्भमा प्रजातन्त्रको व्यावहारिक दृष्टिकोणबाट विवेचना गर्दा यी तीनवटा तत्त्वहरूतर्फ एकीकृत रूपमा ध्यान केन्द्रित हुन्छ ।

यी तत्वमध्येको राष्ट्रियता त्यस्तो संवेदनशील शक्ति हो, जसको उपयोग असल वा खराब दुवै परिणामका लागि हुन सक्छ । त्यस्तो संयुक्त शक्तिको अभावमा हामीले मुलुकको निर्माण गर्ने वा मुलुकलाई गरिबी र अज्ञानताबाट माथि उठाउने कल्पना गर्न पनि सक्दैनौं ।

नेपालमा आशलाग्दो किसिमले उठेको राष्ट्रियताको भावनाको लहरलाई विचार गर्दा त्यस सत्यलाई पनि ध्यान राख्नुपर्छ । राणा शासनको अन्त्य भएपछि एकाएक जनतालाई आफ्नो राष्ट्रको भविष्यको फैसला गर्ने अवसर प्राप्त भएको छ । तर, जनतालाई राणाशाहीबाट सजिलै र व्यवधानबिना सत्ता प्राप्त भएको थिएन ।

त्यस क्रममा रक्तपातपूर्ण र हिंसात्मक घटनाको शृङ्खला हुँदै अस्वाभाविक तनाव र दबाबयुक्त संक्रमणकालबाट गुज्रिरहेको छ । तसर्थ, ऐतिहासिक दृष्टिको यति महत्वपूर्ण उद्देश्य पूरा गर्ने समयमा राज्य संयन्त्र अस्थिर रहँदा पनि आत्मसन्तुलन गुमाउनु वा विक्षिप्त बन्नु भने उचित हुँदैन ।

**क्रान्तिको अर्थ**

नेपालमा भर्खरै भएको क्रान्तिले एक शताब्दीभन्दा बढी समयदेखि स्थापित राणा शासनलाई फाल्ने र राज्यको सञ्चालनमा जनताको प्रतिनिधित्व स्थापित गर्ने काम मात्र गरेन, यसले सुषुप्त अवस्थामा रहेको सिर्जनात्मक राष्ट्रवादी शक्तिको उदय पनि गरायो । यस समय, नयाँ राजनीतिक परिवेशमा मुलुक र मुलुकको प्रगतिको विषयमा सबै नेपालीले सोच्न थालेका छन् ।

हाम्रो प्रजातन्त्र कुनै अवस्थामा पनि बाहिरका व्यक्तिका लागि समस्या बन्दैन । यस विषयमा चासो राख्ने भारतीयहरूको दृष्टिमा नेपालको प्रजातन्त्रले उनीहरूलाई प्रशासनिक समस्या उत्पन्न गर्छ भन्ने भ्रम पाइन्छ ।

भारतीय प्रेसको एउटा खेमाबाट नेपालका विषयमा बढाई चढाई हुने र संकुचित धारणा आउने गरेका छन् । उनीहरूले यहाँको परिवर्तनलाई स्वीकार गर्न नसक्नुमा नेपालको राजनीतिक आधारभूत यथार्थ पनि एक हदसम्म कारण रहेको छ ।

नेपाली कांग्रेसले भारतीय सेना मिसन र भारतीय सरकारी सल्लाहकारको फिर्ता लानुपर्ने प्रस्ताव पारित गर्दा भारतबाट त्यस निर्णयलाई भारतविरोधीका रूपमा चित्रण गर्दै अवाञ्छित प्रतिक्रिया प्रकट गरियो ।

तथापि कांग्रेसले सुझबुझका साथ नै त्यस प्रस्तावमा नेपालमा भारतीय सेना मिसन र सरकारी सल्लाहकार रहँदा हुने बढी खर्च र उपयोगिताको आधारलाई ध्यान दिएर उनीहरूको फिर्ता हुनुपर्ने प्रस्ताव पारित गरेको थियो । त्यस्ता अवाञ्छित प्रतिक्रिया र पुरानो सत्ताले राष्ट्रवादी भावनालाई दुरुपयोग गर्ने कार्यबाट प्रजातन्त्रको विकास गर्ने र परम्परा बसाल्ने कार्यमा खतरा उत्पन्न गर्दछ ।

राजा: एउटा प्रतीकको रूपमा

पहिलेका राणा प्रधानमन्त्रीहरूले नेपालमा कठोर शासन लादेका थिए । त्यस समय जनमतप्राप्त कुनै प्रतिनिधि संस्थाको चिन्हसमेत मुलुकमा थिएन ।



नेपाली जनतका सामु श्री ५ महाराजाधिराजलाई राष्ट्रिय एकताको प्रतीकका रूपमा राखेर उहाँकै समर्थनमा जवाफदेही सरकार बनाउने नारा लगाउने पहिलो पार्टी पनि नेपाली कांग्रेस नै हो ।

राजा राष्ट्रिय एकताको प्रतीक रहने र उनलाई मुलुकको प्रजातान्त्रिक व्यवस्थामा संवैधानिक राजाको रूपमा सुरक्षा प्रदान गरिने महत्त्वपूर्ण व्यवस्था ठूलो राजनीतिक सुझबुझका साथ मिलाइएको हो । वर्तमान संक्रमणकालमा नेपालको राष्ट्रिय नीतिमा राजतन्त्रको महत्त्वपूर्ण भूमिका रहन्छ । तर, त्यही समय राजाले पनि प्रजातान्त्रिक परम्परा बसाल्न आफ्नो महत्वपूर्ण भूमिका रहेको बुझ्नु आवश्यक हुन्छ ।

मुलुकको राजनीतिमा संक्रमणकालका कारण अकस्मात् प्राप्त भएको जिम्मेवारीबाट राजाले गलत तरिकाले निर्देशित भएर व्यक्तिगत शक्ति सञ्चय गर्दै गैरजिम्मेवारपूर्ण ढंगले चल्नु हुँदैन । उनमा ठूलो र थुप्रै प्रलोभन जाग्न सक्छ । तर, उनले ती लालसातर्फ कुनै पनि शर्तमा तानिनु हुँदैन । राजाले प्राप्त गर्ने कुनै पनि गलत सल्लाहबाट प्रजातन्त्रमाथि व्यवधान उत्पन्न हुने मात्र होइन, संवैधानिक राष्ट्र प्रमुखको हैसियतको उनको गरिमामय पद पनि सङ्कटमा पुग्नेछ ।

**विकेन्द्रित सरकार**

हाम्रो भावी प्रशासनिक स्वरूप विकेन्द्रित सरकारको रूपमा हुनेछ । नेपाल गरिब र सानो मुलुक हो । मुलुकको अर्थतन्त्रको बाध्यता र भौगोलिक आकारले गर्दा यहाँ विकेन्द्रित प्रशासन नै उपयुक्त हुन्छ ।

प्रजातन्त्रलाई उन्नतिको प्रचण्ड र जीवन्त शक्ति बनाउने हो भने यसलाई सानोभन्दा सानो गाउँसम्म पुर्याउनु र प्रत्येक नागरिकलाई त्यसमा वास्तविक रूपमा सहभागी हुन चेतना भर्नु आवश्यक हुन्छ ।

स्वतन्त्र समाजका प्रत्येक सदस्यले प्रजातन्त्रको उपलब्धिलाई वास्तविक रूपमै अनुभव गर्न पाउनुपर्छ । तसर्थ, कांग्रेसको घोषणापत्रमा प्रजातन्त्रका पक्षलाई प्राथमिकता दिँदै देहायअनुसार उल्लेख गरिएको छ -

'नेपाली कांग्रेसले जनतालाई सरकारमा प्रत्यक्ष सहभागी हुने अवसर प्रदान गर्न आफ्नो ध्यान विकेन्द्रीकरणतर्फ लगाएको छ । यस समय मुलुकको सम्पूर्ण प्रशासन काठमाडौंमा केन्द्रित छ, मुलुकको शासनमा प्रत्यक्ष रूपमा सहभागी हुने जनताको स्वाभाविक चाहना दमित भएको छ ।

त्यस्तो अवस्था जबसम्म कायम रहन्छ, तबसम्म प्रजातन्त्र अपूर्ण रहन्छ । स्थानीयता र क्षेत्रीयताले राष्ट्रवादको विपरीत भावनालाई जन्म दिन्छ । यस परिस्थितिमा विकट क्षेत्रलाई प्राथमिकता दिने वा पहाडी क्षेत्र वा काठमाडौंमा सहभागितामा आधारित विकासलाई प्राथमिकता दिँदै संगठित कार्य अघि बढाउने उद्देश्यले नेपाली कांग्रेसले मुलुकलाई 'नौ' क्षेत्रमा विभाजन गरेको छ । यो क्षेत्रीय विभाजन वैज्ञानिक आधारमा गरिएको छ ।

यस अवधारणमा आर्थिक पक्षलाई पनि समेटिएको छ । हाम्रो मुलुकले खर्चिलो केन्द्रीकृत प्रशासनलाई धान्न सक्तैन । सन १९५१ मा बनेको कांग्रेस-राणा संयुक्त सरकारको सबैभन्दा ठूलो गल्ती नै सरकारलाई प्रशासनिक सल्लाह उपलब्ध गराउन भारतबाट केही प्रशासकलाई आमन्त्रण गर्नु थियो ।

उनीहरूमा कुनै नयाँ सोच देखिएन । उनीहरूले कुनै सोच-विचार नगरी भारतमा लागू गरिएको प्रशासनिक प्रणालीलाई नेपालमा लागू गर्दा मुलुकको प्रशासन अत्यन्त खर्चिलो हुन पुग्यो । नेपाली कांग्रेसले त्यही कारणले भारतीय प्रशासनिक सल्लाहकारहरू फिर्ता गर्नुपर्ने माग राखेको हो। भारतीय प्रशासकले नेपालका स्वाभाविक समस्यामा सिर्जनशीलता वा कल्पनाशीलता देखाउन सकेन ।

हाम्रो समस्याले खासमा सबै अधिकार गाउँलाई दिनुपर्ने चेतना दिएको छ । स्थानीय शक्ति गाउँमा हस्तान्तरण गर्नु नै विकेन्द्रीकरण हो । यो एउटा साहसी कदम भएकाले कमजोर मुटुले यसलाई पचाउन सक्दैन ।

पहिले गाँस अनि स्वतन्त्रता

नेपालको कहालीलाग्दो गरिबी नै यहाँको प्रजातन्त्रका लागि गम्भीर चुनौती हो । यस समय किसानहरू आफ्नो अधिकारका लागि सचेत भएर जागेका छन् । नेपालका किसानमाथि सामन्तीहरूबाट हुने शोषण र मुलुकको पिछडिएको अर्थतन्त्र प्रजातन्त्रको प्रश्नसँग अन्तरङ्ग बनेर गाँसिएको छ ।

यस विषयमा प्रजातन्त्रका पक्षधरहरूमा समेत गहिरो अन्तरविरोध रहेको तथ्य हाम्रासामु छ । नेपालमा पहिलेदेखि कायम रहँदै आएको सामाजिक-आर्थिक संरचनालाई भत्काउन नचाहने नरमपन्थी मानिसहरू पनि छन् ।

वर्तमान संक्रमणकालको ढुलमुले समयमा त्यस्तो संरचनामा कुनै प्रकारको खलबल उत्पन्न भयो भने सामाजिक अस्थिरता उत्पन्न हुन्छ र मुलुकको अवस्था झन् खराब हुन्छ भन्ने उनीहरूको धारणा छ । उनीहरू सामाजिक न्यायको प्रश्नलाई अघि सार्दछन् । तर, त्यसलाई भोलि सम्बोधन गरूँला भन्ने सोच राख्दछन् । नेपाली कांग्रेस भने अहिले तत्कालै त्यो सामन्ती संरचनालाई भत्काउने पक्षमा छ ।

सामाजिक र आर्थिक आधार नभएको प्राजतन्त्रले आफूलाई जीवित राख्न र विकसित हुनका निम्ति पोषण प्राप्त गर्नै सक्दैन । एउटा अबुझको दृष्टिमा गरिबीले पिल्सिएका जनताका लागि स्वतन्त्रता र स्वाधीनताभन्दा दाल-भात ज्यादा महत्त्वपूर्ण कुरो हुने गर्छ । त्यसैले प्रजातन्त्रसँगसँगै आर्थिक पक्ष पनि गाँसिएर आउँछ भन्ने धारणाले विश्वव्यापी मान्यता प्राप्त गरिसकेको छ । तर, यस धारणालाई वास्तविक रूपमा कार्यान्वयन गर्ने मौका मिल्दा भने धेरै प्रजातन्त्रवादीहरू सङ्कोची र उदासीन बन्दछन् ।

अहिले प्रमुख आवश्यकता भनेको सामन्ती दासतामा रहेका किसानहरूलाई आर्थिक उन्मुक्ति दिनु नै हो । नेपालमा यो काम गर्न अरु एसियाली मुलुकको तुलनामा कठिन छैन । राणाको राजनीतिक शक्ति खोसिएपछि राणाहरूको संरक्षण पाएको त्यो सामन्ती वर्गको शक्ति अत्यन्त कमजोर भइसकेको छ । यसका साथासाथै यस समय किसानहरूको क्रान्तिकारी स्वर पनि बलियो बन्दै गएको छ । अहिलेको अवस्था स्थिर छैन । व्यावहारिक राजनीतिले परिवर्तित अवस्थाअनुकूल गतिशील हुनैपर्छ, अनि मात्र परिस्थिति ठीक हुन्छ । यस सवालमा हाम्रा लागि भारतको भन्दा चीनको शिक्षा बढी उपयोगी हुने देखिन्छ ।

*(प्रदीप गिरिको सम्पादकत्वमा प्रकाशित 'विश्वेश्वरप्रसाद कोइराला राजनीतिक अभिलेख' पुस्तकबाट ।)*

## सिन्धुपाल्चोकमा पाँचवटा सरकारी कार्यालयको उद्घाटन

चौतारा । भूकम्पबाट क्षति भएका सिन्धुपाल्चोक जिल्लाका पाँच वटा सरकारी भवनको पुनर्निर्माणपछि उद्घाटन गरिएको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकारी सुशील ज्ञवाली, संघीय संसदका सांसदद्वय अग्नि सापकोटा र शेरबहादुर तामाङले पुनर्निर्माण सम्पन्न भएका भवनहरुको उद्घाटन गर्नु भएको हो ।

उद्घाटन गरिएका भवनहरुमा जिल्ला वन कार्यालय एनेक्स भवन, कोष तथा लेखा नियन्त्रकको कार्यालय, प्रमुख जिल्ला अधिकारीको आवास भवन, मालपोत कार्यालय एनेक्स भवन र जिल्ला आकस्मिक सहायता भवन छन् ।

यी भवनको नेपाल सरकार र एसियाली विकास बैंकको आर्थिक सहयोगमा भवनहरु पुनर्निर्माण गरिएको हो । पाँचवटा भवनको पुनर्निर्माण लागत १५ करोड रुपैयाँ छ ।

भदौ २७ गते चौतारामा आयोजित उद्घाटन समारोहमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले पुनर्निर्माण गरिएका



नयाँ भवनहरुमा सरकारी सेवा प्रवाह अझ प्रभावकारी हुने र जनतालाई थप सुविधा पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भूकम्पबाट सबै भन्दा बढी मानवीय क्षति भएको सिन्धुपाल्चकोमा निजी आवास, विद्यालय, सरकारी भवन लगायतको पुनर्निर्माणले विपद्लाई अवसरका रुपमा परिणत गरेको बताउनुभयो ।

सांसद अग्नि सापकोटाले भौतिक संरचनाहरुको पुनर्निर्माणले सिन्धुपाल्चोकको मुहार बदलेको बताउनुभयो । उहाँले यसरी पुनर्निर्माण होला भनेर विपद् लगत्तै आफूले नसोचेको उल्लेख गर्दै पुनर्निर्माणमा संलग्न सबैलाई धन्यवाद दिनुभयो ।सांसद सापकोटाले भूकम्प स्मृति पार्कको पुनर्निर्माण प्रकृया अघि बढेको भन्दै यसलाई नमूनाका रुपमा अघि बढाउन सरकारलाई आग्रह गर्नुभयो ।

अर्का सांसद शेरबहादुर तामाङले जिल्लामा पुनर्निर्माण राम्रोसँग अघि बढेको बताउँदै मानवीय क्षति भए पनि भूकम्प अभिसाप नभई वरदान सावित भएको बताउनुभयो । उहाँले पुनर्निर्माणपछि सिन्धुपाल्चोक विकासको नमूना जिल्लामा पर्ने दाबी गर्दै राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जनता, जनप्रतिनिधि लगायतलाई धन्यवाद दिनुभयो ।

प्रदेश नं ३ का सभासद् सरेश नेपालले निजी आवास, सरकारी भवन लगायतका संरचनाहरु बनेको खुशी व्यक्त गर्नुभयो । उहाँले बाँकी रहेका सम्पदा र जनताका गुनासाको सुनुवाई गर्न सुझाव दिनुभयो ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन इकाई ( भवन) का आयोजना निर्देशक नवराज प्याकुरेलले भूकम्पबाट क्षति भएका भौतिक संरचनाहरुको पुनर्निर्माणलाई समयमा सम्पन्न गर्ने गरी काम गरेको बताउँदै पुनर्निर्माणमा सहयोग गर्ने निर्माण व्यवसायी लगायत सबैलाई धन्यवाद दिनुभयो ।

जिल्ला आयोजना कार्यान्वयन इकाईका प्रमुख सन्तोष निरौलाले नेपाल सरकार र एसियाली विकास बैकमार्फत १७ वटा भवनमध्ये ६ वटाको पुनर्निर्माण सम्पन्न भएको र १० वटा पुनर्निर्माणको प्रकृयामा रहेको जानकारी दिनुभयो । उहाँले भारतीय एक्जिम बैंकबाट प्राप्त हुने रकमबाट बन्ने सरकारी भवनहरुको पुनर्निर्माण प्रकृया पनि अघि बढेको जानकारी दिनुभयो ।

## धरहराको २६ प्रतिशत भौतिक प्रगति

काठमाडौं । ऐतिहासिक धरहरा पुनर्निर्माणको समग्रमा २६ प्रतिशत कार्य सम्पन्न भएको निर्माण कम्पनीले जनाएको छ । पुनर्निर्माण प्राधिकरणमा भएको धरहरा पुनर्निर्माण प्रगति समीक्षा कार्यक्रममा निर्माण कम्पनी जिआइइटिसी-रमन जेभीका कन्ट्र्याक्टर रेप्रिजेन्टेटिभ रमन महतोले उक्त जानकारी दिनुभएको हो ।

तथापि, आफूलाई प्राप्त निर्माणस्थलका हिसाबले ६७.५ प्रतिशत प्रगति भएको उहाँको भनाइ छ । धरहरा पुनर्निर्माणका क्रममा हाल धरहरा टावरको पहिलो बेसमेन्टको क्रंक्रिटिङ गर्ने कार्य सम्पन्न भई बिम स्लाब उठाउने कार्य सुरु भएको छ । त्यसैगरी, गोश्वारा हुलाक रहेका भवनहरु भत्काई त्यहाँ बेसमेन्ट बनाउनका लागि पूर्वपट्टि प्रोटेक्सन पाइलहरु हाल्ने कार्य चलिरहेको छ । समीक्षा कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले विभिन्न खण्डका कार्यहरु समानान्तर रुपमा अघि बढाएर तोकिएको समयमै पुनर्निर्माण सम्पन्न गर्नुपर्ने बताउनुभयो । त्यसक्रममा उहाँले गुणस्तर कायम राख्न कुनै कसर बाँकी नराख्न समेत जोड दिनुभयो । धरहरा पुनर्निर्माणको सुपरीवेक्षण गरिरहेको परामर्शदाता कम्पनी केज कन्सल्ट र स्वाइल टेस्ट जेभीका तर्फबाट पुनर्निर्माणका क्रममा देखिएका विभिन्न विषयहरुबारे प्रस्तुतीकरण गरिएको थियो । समीक्षामा धरहरा पुनर्निर्माण प्राधिकरणका कार्यकारी समिति सदस्यहरु, निमित्त सचिव लगायतको उपस्थिति थियो ।

यसैबीच, दशैंलाई लक्षित गरेर तेबहालबाट टुँडिखेल निस्कनका लागि केही दिनभित्रै अस्थायी पैदल मार्ग खोल्नेगरी काम भइरहेको छ । सञ्चय कोष र साविकको गोश्वार हुलाकको बीचमा ८ फुटे अस्थायी पैदल मार्ग हुनेछ । खिचापोखरीदेखि तेबहालसम्म बाटो खुलिसकेको छ । अब यी दुई बाटो जोडिनेछ । पछि यहाँ स्थायी सडक रहनेछ ।

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रो. गोविन्द प्रसाद तिवारी
भेटघाट रेष्टुरेन्ट
शहिदचोक, नारायणगढ

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रो. दुर्गादत्त सुबेदी
न्यू कर्मा रेष्टुरेन्ट एण्ड तास घर
शहिदचोक, नारायणगढ

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रो. रामप्रसाद सुवेदी
राम मिष्ठान्न भण्डार
शहिदचोक, नारायणगढ

**मैले ...**

राष्ट्रपति भण्डारीले आफू नेपालको राष्ट्रपति निर्वाचित भएपछि २० वर्षपछि आफ्नो माइती गाउँ भोजपुर पुगेको सुनाइन् । राष्ट्रपति भण्डारीले करीब ३५-३६ सालमा गाउँ छोडेको र विद्यालय पढ्ने समयमा बाटोघाटोको समस्या भएको, जङ्गल र पुल नभएको खोला पार गर्नुपर्ने अवस्था रहेको सुनाइन् । उनले आफू विद्यालय अध्ययन गर्ने क्रममा कत्ति पनि सूचना, सञ्चार प्रविधिको विकास नभएको र अहिलेका विद्यार्थीको हातहातमा मोबाइल भएको प्रसङ्ग ल्याइन् ।

त्यतिबेला त साँझ परेपछि बत्ती हुँदैन थियो, सानो टुक्की बाल्ने हो त्यो पनि मट्टितेल नभएर कहिले तोरीको तेलमा बत्ती बालेर पढिन्थ्यो । तर अहिले तपाईहरुले पनि मैले भोगेको केही अंश भोगिरहुभएको जस्तो लाग्छ राष्ट्रपति भण्डारीले भनिन् ।

त्यतिबेला अक्षर चिन्ह गाह्रो थियो, तपाईहरुले कलम कपीबाटै अक्षर चिन्नुभयो होला, मैले भने पहिलो चोटी अक्षर लेख्दाखेरी रातो माटो धुलो बनाएर काठको फलेकमा सिन्कोले कोरेर हजुर बुबाले लेखन सिकाइदिनुभएको थियो, उनले थपिन्, पछि विस्तारै विद्यालय खोलेर शिक्षकहरु राखेर पढाइहुन्थ्यो । हामी एकदमै विकट क्षेत्रबाट हुर्केर आएको हो, त्यसैले यहाँको भौगोलिक अवस्था र जनताको दुःख मलाई राम्रैसँग थाहा छ, मैले त्यो महसुस गरेको छु ।

त्यसपछि राष्ट्रपति भण्डारीले बालबालिकाले राखेको अर्को जिज्ञासाको प्रसङ्ग ल्याउँदै पहिलेदेखि गाउँगाउँमा शिक्षा र स्वास्थ्यको समस्या थियो दुई छाक खान नपाउनेले पाउनुपर्छ भन्ने थियो परिवर्तन हुनुपर्छ भन्ने मलाई लागेको थियो तर मैले कहिल्यै म यो पदमा हुन्छु भनेर कल्पना नगरेको बताइन् । उनले थपिन्, कल्पना नगरेपनि त्यसमा लाग्दै जाँदा समय र परिस्थितिले यो ठाउँमा पुगेँ त्यो हिसाबले खुसी लाग्छ कि नेपाली जनताको घरमा हुर्केको एउटा छोरी मान्छे भएर ।

उनले आफ्नो पालामा आफ्नो घर छोराछोरीबीच खासै विभेद नभएपनि बाबुहरुको पालामासम्म भने विभेद भएको बालबालिकालाई सुनाउँदै आफ्नो पालामा गाउँकी छोरी मान्छे हाइस्कुल गएको सायद पहिलो आफू मात्रै भएको सुनाइन् । उनले भनिन्, त्यसपछि सबै जनाले विस्तारै पढ्न शुरु गरे । केही बनिन्छ भन्ने कुनै आकांक्षा भने थिएन । गाउँमा औषधि उपचार नपाएर मान्छेहरु मरिरहेको देखेपछि देश बन्नुपर्छ भन्ने थियो ।

बालिका सम्झना गोराथोकीले राखेको जिज्ञासामा राष्ट्रपति भण्डारीले बालबालिका भनेको देशको एउटा निर्णयक जनशक्ति भएको र भोलि देश समाल्ने नेतृत्वकर्ता भएको बताइन् । त्यसैले राष्ट्रको सम्पूर्ण ध्यान बालबालिकाको उज्यालो भविष्यतर्फ केन्द्रित हुनुपर्ने उनको भनाइ छ । उनले बालबालिकाको सवालमा राज्यको जति जिम्मेवारी छ त्यति नै गैरसरकारी क्षेत्र र अभिभावकको पनि हुनुपर्नेमा जोड दिइन् ।

उनले राज्यले बालबालिकाको अभिभावकत्व लिन्छ तर त्यसलाई सही सदुपयोग गर्ने भूमिका अभिभावकले निभाउनुपर्ने बताइन् । निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई अभिभावकले जति समय दिएका हुन्छन् सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई समयनै दिँदैनन् भन्दै उनले सम्बन्धित निकायको ध्यानाकर्षणसमेत गराइन् । कार्यक्रममा महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री थममाया थापाले बालबालिकासम्बन्धी ऐन, २०७५ को प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

**नेकपामा ...**

अरिंगालहरुले सामाजिक सञ्जाल मार्फत आतंक बढाइरहेको देखिन्छ ।

सरकार देशको अभिभावक हो । जसले जनतालाई आफ्नो सामूहिक परिवार मान्नुपर्छ र छोराछोरी मध्य कुनैले गल्ती गर्‍यो भने सम्झाई बुझाई गल्ती नगर्न अर्ति उपदेश दिनुपर्छ तर नेकपाका अरिंगालहरु यसरी प्रस्तुत भइरहेका छन् समाजमा उदण्ड मच्याउने जनतालाई उत्तेजित पार्न अग्रसर गराउने र देशको सामाजिक सद्भाव भत्काउने र देशलाई द्वन्ततिर धकेलेर आफ्नो स्वार्थ सिद्ध गर्ने तिर लागेको प्रष्टै देखिन्छ ।

नेपालमा मौरीजस्तै मेहनत गरेर बाँच्ने मानिसहरुको लागि पार्टीभित्र त सुरक्षा हुन छोडिसकेको छ भने स्वतन्त्र नागरिकले मौरीजस्तै मेहनत गर्दा पनि सुरक्षित नभई लोप हुँदै गएको देखिन्छ । देश विकास हुनलाई गर्नलाई सबै नागरिकले मौरीको जस्तै मेहनत गर्न सक्यो भने मात्र विकास भएको आधारहरु विकास भएमा राष्ट्रहरुबाट लिन सकिन्छ । अरिंगाल र बच्छिउँको शैलीमा अरुलाई डसेर गर्ने शासनले राष्ट्रको उन्नति हुन सक्ने देखिँदैन । बेलैमा अरिंगाल नियन्त्रण नगर्ने हो भने अरिंगालको गोलामा आगो झोस्न जनता नआउलान् भन्न सकिँदैन । त्यसैले प्रधानमन्त्रीबाट अरिंगाल झै जाइलाग्न दिएको निर्देशन सच्चाएर मौरी झै मेहनत गरेर भन्न नसक्ने हो भने समृद्ध नेपाल र सुखी नेपाली शब्द जाल बाहेक केही हुन सक्दैन । बेलैमा चेत फिर्नु जरुरी छ ।

**थप...**

मालपोत कार्यालयको राजश्व संकलन प्रक्रियामा सहजता आई राजश्व संकलनमा समेत टेवा पुग्ने बैंकले विश्वास लिएको छ ।

प्रभु बैंकले १९५ वटा शाखा कार्यालय, १५२ वटा ATM तथा २९ वटा एक्स्टेन्सन काउण्टरहरु मार्फत् अत्याधुनिक प्रविधियुक्त गुणस्तरीय बैंकिङ्ग सेवा प्रवाह गरिरहेको छ ।

# एनआईसी एशिया बैंकको नयाँ शाखाहरु सल्लेरी, दोधारा चाँदनी र दिक्तेलमा

काठमाडौं । ग्रामीण तथा दुर्गम स्थानहरु साथै शहरी क्षेत्रमा समेत आफ्नो उपस्थितिलाई थप दरिलो बनाउने क्रमसँगै एन आई सी एशिया बैंकको नयाँ शाखाहरु सोलखुम्बूको सल्लेरी, कन्चनपुरको दोधारा चाँदनी र खोटाङ्गको दिक्तेलमा सञ्चालनमा आएको छ । बैंकले सञ्चालनमा ल्याएको सोलखुम्बू जिल्ला सोलुदुधकुण्ड नगरपालिका वडा नं ५, सल्लेरी स्थित सल्लेरी शाखाको समुद्घाटन सोलुदुधकुण्ड नगरपालिकाका मेयर नाम्गेल जाङ्बु शेर्पा, कन्चनपुर जिल्ला महाकाली नगरपालिका वडा नं ६, दोधारा चाँदनी स्थित दोधारा चाँदनी शाखाको समुद्घाटन महाकाली नगरपालिकाका मेयर बीरबहादुर सुनार तथा खोटाङ्ग



जिल्ला दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं १, दिक्तेल स्थित दिक्तेल शाखाको समुद्घाटन रुपाकोट मझुवागढी नगरपालिकाका मेयर दिपनारायण रिजालले गर्नुभयो । बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर २९८ शाखा कार्यालयहरु, ३५६ एटिएम, ५८ वटा एक्स्टेन्सन काउण्टर एवं ४१ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ । करिब १८ लाख ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन् । उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब ३ अर्ब १५ करोड रुपैयाँ भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशिकरणका लागि मुगु, कालिकोट, बझाङ, रोल्पा, रुकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरुको न्यून उपस्थिति रहेका दुर्गम जिल्लाहरुमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरु नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरुमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ ।

# ब्राण्डिङमा योगदान पुर्‍याउँदै सकियो फर्निचर एक्स्पो, ८१ हजारले गरे अवलोकन

काठमाडौं । फर्निचर तथाफर्निसिङका उत्पादनको ब्राण्डिङगर्ने उद्धेश्यले आयोजनाभएको सातौं संस्करणको फर्निचर तथाफर्निसिङ एक्स्पो सफलताका साथ सकिएको छ । विगतवर्षहरुमाभन्दा यस पटक अवलोकनकर्ताको अधिकचाप देखिएकाले एक्स्पोका आयोजकतथाव्यवस्थापकहरु उत्साहित बनेका छन् । ५ दिनको अवधिमा ८१ हजार अवलोकनकर्ताले एक्स्पो अवलोकन गरेका छन् ।

राजधानीको भृकुटीमण्डपमा ५ दिनसम्मचलेको एक्स्पोमाआयोजना रक्तदानकार्यक्रमको समेत आयोजनागरिएको थियो । एक्स्पोमासञ्चालित रक्तदानकार्यक्रममा११३ प्रिन्ट ब्लड संकलनभएको छ ।

नेपालफर्निचर तथाफर्निसिगं संघको आयोजनामाभएको




रक्तदानकार्यक्रममा संघका पदाधिकारी, प्रदर्शक तथाअवलोकनकर्तालगायतले रक्तदान गरेका थिए । मेडिसिटी अस्पतालकोप्राविधिक सहयोगमा संचालित रक्तदानमालायन्स क्लफअफ काठमाडौ सेन्टर, लायन्स क्लफअफचावहिल र लायन्स क्लबअफ टिचर्सले सहयोग गरेका थिए ।

अवलोकनकर्ताको बाक्लो उपस्थितीका साथै रक्तदाताको सक्रिय सहभागिताले आफुहरु उत्साहित बनेको फर्नेक्स २०१९ का संयोजकमनीषअग्रवालले बताए । आगामीवर्षहरुमाअझै परिष्कृत रुपमाआधुनिकउत्पादनहरुलाई समेट्दै एक्स्पोलाई निरन्तरतादिने संयोजकअग्रवालले बताए ।

नेपालफर्निचर तथाफर्निसिङ संघको आयोजनातथाइभेण्ट सोलुसनप्रालिको व्यवस्थापनमाजारी एक्स्पोलाई जेम फ्लोरिङले शिर्ष प्रायोजन गरेको थियो । एक्स्पोको मुख्यप्रायोजकमा हेरिटेज फ्लोरिङ कार्पेट इण्डस्ट्रिज प्रा.लि, हाइटेक्स कार्पेट, जेन्शाकार्पेट र हलेसी डेकोर रहेका थिए । एक्स्पोलाई नेपाल चेम्बर अफकमर्श तथा नेपालफर्निचर तथाफर्निसिङ व्यवसायीमहासंघको सपोर्ट थियो । त्यसैगरीएक्स्पोलाई नेपाल हस्तकलामहासंघ, नेपाल इन्टेरियर डिजाइनर एशोसीएसन र स्पेसेज म्यागजिनको पनि सपोर्ट थियो । एक्स्पोको बीमा पार्टनर एभरेष्ट इन्स्योरेन्स थियो । एक्स्पोमा स्वदेशी तथा विदेशी गरी १ सय २० भन्दा बढी प्रदर्शकहरुको सहभागिता रहेको थियो ।

फर्निसिङ व्यवसायमा आधुनिक प्रविधि भित्र्याउँदै फर्निचरजन्य उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउन एक्स्पोले टेवा पुर्‍याउने अपेक्षा गरिएको छ ।

# नवलपरासीको सुस्तामा कामना सेवाको ९९ औं शाखा

काठमाडौं । कामना सेवा विकास बैंक लिमिटेडले बैकिङ्ग पहुच नपुगेका ग्रामिण क्षेत्रहरुमा समेत आफ्नो सेवा विस्तार गर्दै जाने उदेश्य अनुरुप नवलपरासीमा रहेको सुस्ता गाउँपालिका वडा नं. ०१ स्थित बरुवामा यही भदौ २२ गते आफ्नो ९९औ शाखा कार्यालय स्थापना गरी कारोबार शुभारम्भ गरेको छ । कारोबार शुभारम्भ समारोहमा सुस्ता गाउँपालिकाका उपाध्यक्ष इन्द्र कुमारी थरुनी , वडा अध्यक्ष अशोक कुमार चौधरी, बैंकका नायब महाप्रबन्धक हरि प्रसाद लम्साल लगायत स्थानीयबासीहरुको उपस्थिति रहेको थियो । बैंकले व्यवसाय विस्तारको क्रममा नवीनतम प्रोडक्टहरु तथा वृहत शाखा सञ्जाल मार्फत आफ्ना ग्राहकहरुलाई उच्च स्तरको बैंकिङ्ग सेवा सुविधाहरु उपलब्ध गराउँदै आएको जानकारी गराइएको थियो ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

**मंगलमय शुभकामना**

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

**बेकिङ्ग प्याराडाइज**
भरतपुर-१०, चितवन

**मंगलमय शुभकामना**

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रो. कमला वराली
**पुरानो तनहुँ सुनचाँदी पसल**
मेनरोड, नारायणगढ

**मंगलमय शुभकामना**

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रो. हितराज अधिकारी
**सहारा अप्सरा किराना स्टोर्स**
सनराइज टोल मार्ग नं. १, कटहरचोक, भरतपुर

**मंगलमय शुभकामना**

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

**विष्णु प्रसाद सापकोटा**
चौविस कोठी, भरतपुर

**मंगलमय शुभकामना**

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

जयराम श्रेष्ठ (अध्यक्ष)
**भरतपुर महानगपालिका वडा नं. १ को कार्यालय**

**मंगलमय शुभकामना**

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रो. धुर्व कुमार श्रेष्ठ
**हरिदास वावा स:मिल**
युनिक कलोनी भरतपुर

# मेरा जिन्दगीका अनुभवहरु-१३

चन्द्रशेखर झा । रिवन्द्र वहादुर श्रेष्ठ, निमा छिरिङ भुटिया, मेघराज उपाध्याय, धुवराज भुट्टराई, बद्री विनोद ढुङगाना, ललित दीक्षित, प्रयाग मान सिहं, माणिक तुलाधार, शम्भु प्रासद उपाध्याय, बिजय नाथ उत्प्रती पुष्पनाथ शर्मा, ओमकर कोइराला, सन्तोषशानन्द विष्ट, बिनोद ढकाल, रामप्रसाद अधिकारी, गोविन्द्र के.शी, मोहन प्याकुरे, मुराली प्रासद उपाध्याय, जनकलाल कर्माचार्य लोकमान मास्के, विष्णु बहादुर थापा, रमापति पराजुली आदि । इन्टरनेशनल एजेन्सी र संघ संस्थाले पनि आफ्नै कम्पनीको, संस्थाको स्वर्थ लिएर अगाडि बढेर काम गर्दा रहेछन् । त्यसैले अल्प विकसित देशहरुले यिनीहरुसँग व्यवहार गर्दा आफ्ना स्वार्थलाई बचाएर सम्झौत गर्ने तागत जमाउनु पर्दोरहेछ नभए देश विकास र उन्नतिमा कुनै सहयोग हुँदैन ।

**साथीभाइ र सम्बन्ध**

बास्तोला कुलसेवा सतितिका अध्यक्ष रहेका सीताराम बास्तोला उद्यमी र सहयोगी भएकाले उनीसँगको सम्बन्ध राम्रो रहयो । कृषि विशेषज्ञ जगन्नाथ थपलियासँग श्री ५ को सरकारको सचिव भएर निवृतिभरण पाएपछि पनि उनीसँगै अमेरिकामा भेटघाट र सम्बन्ध रहिरह्यो । प्रेम बहादुर कार्की दुवाकोटमा जग्गा खरिद गर्न र रेखदेख गर्न अत्यन्त सहयोगी र उनका छोरा पनि विशेष सहयोगी रहे । ईश्वरी खतिवडा, पर्शुराम दाहाल सबै नजिक सम्बन्ध रहेर सहयोगी रुपमा सधैँ काम गरिरहे । रवीनन्द्रनाथ शर्मा जलस्रोत मन्त्री हुदाँ भारतसँग कुराकानी गर्न म पनि गएको थिए । देवीघाट जलविद्युत योजना डा. के. एल रावलले तुरुन्तै हामी गरिदिन्छौ, ठुलो ठुला योजनमा हात हाल्नु पऱ्यो भनेर सुझाव दिएका थिए । इन्जिनियर वृद्धि विनोद ढुङ्गाना सँग विद्युत सहकर्मी भई धेरै वर्षसम्म काम गरियो । सचिव मधु सुदन ढकाल, जलस्रोत सचिव प्लानिङ कमिशनमा बस्दा खेरि पनि उहाँ सँगसँगै काम गरियो । सहसचिव सुरज प्लानिङ कमिशनमा बस्दा खेरि पनि उहाँ सँगसँगै काम गरियो । सहसचिव सुरज जङग राणाले जलस्रोतमा काम गर्दा नजिकमा रहेर सहयोगीकौ रुपमा काम गरे । धरान निवासी फणीन्द्र आचार्य तथा उनका भाइ धनन्जय आचार्य बिजनेस उद्यमीमा उन्नति प्रगति गरे । नाताले ससुराली पनि परेका हुनाले उनीहरुसँग सधैँ सम्बन्ध राम्रो रहिरह्यो । लिला बास्तोला, गणेश बास्तोला डा. बास्तोला गंगा दाइको छोरा पनि राम्रो उन्नति प्रगति गरे । उनी हाल लन्डनमा बसोबास गरि रहेका छन् । डा. गुरु ढकाल, जय प्रसाद ढकाल, मावली मामा भएकोले उनीसँग सम्बन्ध राम्रो भयो । सिचाइ इन्जिनियर सोमनाथ पौडेल, कामठमाडौँ नेपाल निवाससँगी सधैँ कामको सिलसिलामा सहयोग र राम्रो व्यवहार रहि रह्यो ।

भानिज आशिष पराजुली, अनुप पराजुली, विजय पराजुलीका छोरा भएकाल उनीहरु पनि देश विदेश गई पढेर उन्नतिशील भएर मामालाई धेरै सहयोग गरे । चरिञ्जीवी रजिाल, महा प्रसाद रिजाल, बनासरमा पढ्दादेखि नै राजनीतिमा लागेका र कलकत्ताको युनियनको प्रेसिडेन्ट हिमालयन स्टुडेन्टयुनियनको सभापति हुँदा उहाहरुसँग सम्पर्क भएको जिन्दगीभर उनीहरुसँग लामो मित्रता र सहयोग सम्बन्ध रहि रह्यो । राजेश न्योपाने, राज कुमार आचार्य नाता मान्छे हुन् । उनीहरुले नोकरी र चिया उद्योगमा नेपालमा ठुलो योगदान दिएका छन् । भुपु प्रधान मन्त्री झलनाथ खनाल, इलाम निवासी नै भएकोले उनीसँग पनि जलस्रोत सम्बन्धी समय समयमा सर सल्लाह भइरन्थ्यो । केपी ओली, सिपी मैनाली, राधा कृष्ण मैनालीहरुसँग पनि जलस्रोत सम्बन्धि कुरामा धेर सरसल्लाह हुन्थ्यो । उनीहरुकै प्रयासले मनमोहन अधिकारी प्रधानमन्त्री हुँदा जलस्रोत विकास परिषद् विशेषज्ञको हैसियतले समस्यामा दुई वर्षको लागि काम गरे । झापा निवासी टंक उप्रेती र सुब्बाले जग्गा जमिन बन्दोबस्तीमा मुद्दा मामिलामा धेरै सहयोग गरेर जग्गा बिक्री वितरणमा धेरै सहयोग गरेका थिए । डा. भिष्म प्रसाई र उनका भाइ मन्त्री प्रसाई सधै सहयोगी रहे ।

पुष्प लुईटेल, वन सुदृढीकरण आयोगका अध्यक्ष तथा छोरासँग नाता पनि रहेकाले सधैँ सरसल्लाह र भेटघाट सहित राम्रो सम्बन्ध रहिरह्यो । अमेरिका बस्दाखेरि पनि उनीहरुसँग सधै सम्पर्क रहि रह्यो । डा. सुरेश श्रेष्ठ रसिया पढ्दादेखिका नै साथी हुन् । पछि अमेरिका बसाबास गरि । उनीसँग पनि सदैव भेटघाट र सहयोगको वातावरण रहि रह्यो । प्रोफेसर केवी सिंह कलकत्ता पढ्दादेखि नै सँगसँगै, काम गर्दा पनि काठमाडौँ भेटघाट सम्पर्क रहि रह्यो । उनका छोराछोरीहरुसँग पनि अमेरिका बसोबास गर्दा सहयोग सधैँ रहयो । नरेन्द्र श्रेष्ठ गल्फुटार बस्दाखेरिका अभिन्न मित्र हुन् । उनी पनि अमेरिकामा छोराछोरीहरुसँग बस्दा सधैँ सम्बन्ध रहि रहयो । इन्जिनियर शत्रुधन चर्तुवेदी, इन्जिनियर विदु कार्की, उद्योगपति विनोद चौधरी, मुख्य सचिव दामोदर गौतम डा. केशरजंग रायमाझी राजनीतिज्ञ भानु थपलिया काउन्सिलर सुर्य प्रसाद श्रेष्ठ इन्जिनियर ईश्वरीमान मस्कोदेखिकै साथीहरु हुन् । देवी बास्तोला, चक्र बास्तोला, भतिजाहरु हुन् । उनीहरु पनि सधैँ नजिनकमा रहेर काम गरियो । केशवलाल जोशी अभिन्न मत्रि थिए । इलाममा स्कुलको प्रध्यानाध्यापक भएकाले उनीसँग पनि राम्रो सम्बन्ध रहि रहयो ।

नीलाम्बर आचार्य मस्को पढ्दा सँगै बसेका तथा काठमाडौँ पनि अत्यन्त नजिकमा रहे उनीसँग सुमधुर सम्बन्ध भइ रहयो । प्रोफेसर माधव शर्मा जिओलोजिष्टसँग पनि नजिक रहेर विभिनन समयमा काम गरियो । भतिजा सोमनाथ बास्तोला, इलाममा प्रतिष्ठत भएर राजनीति गरि रहेका छन् । प्रोफेसर केदार बास्तोलासँग नजिकको सम्पर्क भयो । सम्धीहरु छत्र तिमल्सिना, भतिजाहरु मणि बास्तेला, मोहन बास्तोला पशुपति बास्तोलाहरुसँग पनि धेरै नजिक रहेर काम गरियो । विद्युतको सिलसिलामा शान्त बहादुर पुन, भरत बहादर प्रधान, भुवनेश्वर प्रधानहरुसँग पनि नजिकमा रहेर काम गरियो । भेटनरी डाक्टर खड्ग ढकाल र उनकी श्रीमती कालिका ढकालसँग नाता पनि पर्ने भएकाले सधैँ नजिक सम्पर्कमा रहेर काम गरियो । चन्द्रशेखर झा, आनन्द बहादुर थापा, हरिमान श्रेष्ठ, जय बहादुर भट्टराई, तुलसी न्यौपनेहरुसँग विद्युतमा रहँदा नजिकमा बसेर काम गरियो । भतिजा वीरमणि ढकाल मन्त्री पनि भए ।

उनीसँग पनि राम्रो सम्बन्ध



सूर्यनाथ बास्तोला

रह्यो । ज्वाई दिव्य अधिकारी, अनिताका श्रीमतीका श्रीमानसन्ग बैकिङ सम्बन्धी कुरामा सधैँ सहयोग र सम्बन्ध रह्यो । केदारमणि ढकाल इन्जिनियर दीपक आर्चायसँग पनि नजिकमा रह्र काम गरियो । वीर बहादुर शाही, गृह सचिवसँग पनि नजिकको छिमेकी नजिकको छिमेकी भए र सधैँ सम्पर्कमा रहेर काम गरियो । सचिव मुक्ति प्रसाद काफ्ले उद्योगपति छत्र गिरी, डा. मिना आचार्य, डा. कमल रिजाल, जलस्रोत विज्ञसँग पनि नजिकको रहेर काम गरियो । नाति तारा बस्तोला, ध्रुव बास्तोलाले पनि सहयोग आदानप्रदान गरी सधै सम्पर्कमा रहेर काम गरे । झापा निवासी केशव कुमार बुढाथोकी मन्त्रीसँग पनि राम्रो नजिकको सम्बन्ध कायम गरेर बसियो । जय प्रकास ढकाल सानैमा सँगै पढेका तथा झापा निवासी लेखक पनि सधैँ सम्पर्कमा रहेर काम गरियो । मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीसँग सानैदेखि नै स्कुल र कलेज सँगसँगै पढ्यौ र पछि नोकरी हुँदा पनि सधैँ सम्पर्कमा रहेर काम गरियो ।

विकासको गति निरन्तर छ । जसले संसारलाई बदलिदियो । तर विज्ञानर प्रविधिको विकास शान्तिको निम्ति हुनुपर्नेमा अटोबम जस्तो विनासकारी बम जापानमा प्रयोग गरियो । त्यसैले संसारमा शान्ति स्थापना मुख्य कुरो हो भनेर बुद्धको शान्तिलाई अवधारणाहरु संसारभरिनै अहिले फैलि रहेका छ । यसको खोजी पाश्चत देशहरुमा दिनानुदिन बढि रहेको छ ।

*क्रमश:*

## कविता/गजल

### गजल



माया प्रेम र सम्मान, कमाउन सक्नु पर्दछ ।
सुख दुख बाड्ने मित्र, जमाउन सक्नु पर्दछ ।

पराइको उन्नतिमा, डाह गर्दा के नै हुन्छ र,
आफ्नै सानो संसारमा, रमाउन सक्नु पर्दछ ।

भ्यागुतो झैं कुवा उस्को, संसार नै हो भन्ने हैन,
ब्राह्मण नै जित्ने बाटो, समाउन सक्नु पर्दछ ।


ज्ञानगुण शिक्षादीक्षा, अन्तर आत्मा भित्र धरी,
सहि के हो गलत के, ठमाउन सक्नु पर्दछ ।

सानोतिनो कष्ट पर्दा, देश छोडेर भाग्ने हैन,
आमा माग्छिन् तिम्रो माया, थमाउन सक्नु पर्दछ ।

**दुर्गा अधिकारी भमरकोट ।**

### गाडी कि सिमाना

**कृष्ण बहादुर बोगटी काका**



जनादर्न शर्मा जस्ता नेता मन्त्री चाहियो
जनताको रगत चुस्ने नेता मन्त्री पाइयो
नेपालमा धेरै छन है विदेशीको गुलाम
भ्रष्टाचारीहरुलाई मात्र गर्ने गर्छन सलाम

रोगले ग्रसित प्रमलाई विश्राम गर्न दिनु
देश हाक्न सक्ने धेरै छन् उसैलाई प्रम दिउ
गरिबको पसिनाको फलले नेता उपचार गर्ने
नेता उपचार गर्न नपुगे फेरी कर बढाएर मर्ने ।

केका लागी परिचयपत्र नागरिकता छदैछनी ।
विदेशी पोसी भ्रष्टाचार गर्ने नेपाली हुदै होनी
नेपालको राजधानी विदेशैमा राखौ नेताको लागी
कती जान्छन उपचार गर्ने निहुले पैसा राख्नका लागी ।

भारतले गाडी दिने नेता मन्त्री हुने खुसी
सिमानाको पिलर सारी भारत झनै खुसी
चौथाई भारतले नेपाललाई दियौ ।
मुरी मुरी जग्गा हाम्रो सबै उसले लियो ।

देशको बारे बोल्नलाई फुर्सद छैन यहाँ
भारतले सिमाना खाओस नेता मन्त्री खुसी यहाँ
भारतलाई रिझाय प्रम पनी पाइने
नेपालीको सेवा गरे आफु दु:ख पाइने ।

**धुम्बाराही ४ काठमाण्डौ**
**हाल : चक्रबहिल -१२, ललितपुर**


## मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रो. रामगद्धी गुप्ता
**थकाली भान्छा एण्ड खाजा घर**
रामनगर-१, चितवन

## मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

**मालिका प्याकेजिङ्ग उद्योग**
गैंडाकोट-२, नवलपुर

## मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

**सम्भव सप्लायर्स**
लिलाचोक-२, नवलपुर

## मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रो. केशव घिमिरे
**हाम्रो भेटघाट रेष्टुरेन्ट**
गणेश चोक-१, पोखरा बसपार्क, नारायणगढ
मो. ९८४५८१०४५९

## मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

**पोखरेल सुनचाँदी पसल**
बालकुमारी चोक, नारायणगढ

## मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रो. महेश कुमार के.सी.
**महेश किराना स्टोर्स**
रामनगर-१, चितवन

# बल्खुमा इसुजुको सोरुम मोडलअनुसार डेढ लाखदेखि ४ लाखसम्म डिस्काउन्ट अफर

काठमाडौं । राजधानीको बल्खुमा जापानी ब्रान्डको गाडी इसुजुको सोरुम खुलेको छ । नेपालका लागि इसुजु गाडीको अधिकृत वितरक कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालिका चेयरम्यान सुहृदराज घिमिरेले शुक्रबार एक समारोहबीच उक्त सोरुम उद्घाटन गरेका हुन् ।



काठमाडौं उपत्यकाका लागि इसुजु गाडीको एक्सक्लुसिभ डिलर टाइम्स मोटर प्रालिले उक्त सोरुम सञ्चालनमा ल्याएको हो ।

सोरुम उद्घाटन समारोहलाई सम्बोधन गर्दै चेयरम्यान घिमिरेले इसुजुका ग्राहकलाई प्रभावकारी सेवा र पार्टपुर्जा उपलब्ध गराउन कम्पनीले देशभरीमा १५ वटा वितरण तथा सर्भिस नेटवर्क विस्तार गरिसकेको जानकारी गराए । वितरण र सर्भिस नेटवर्क अझै विस्तार गर्दै जाने उनले बताए । सन् २०१६ यता कम्पनीले हजारभन्दा बढी गाडी बेचिसके पनि अहिलेसम्म एउटै ग्राहक समस्याको गुनासो लिएर नआएको बताए । कम्पनीले १० हजारसम्म गाडी बेच्ने लक्ष्य राखेको र त्यसका लागि देशभर सर्भिस सेन्टर खोल्ने र नयाँ मोडलका गाडीहरु ल्याउने बताए ।

उद्घाटन सत्रमा स्वागत मन्तव्य राख्दै टाइम्स मोटरका प्रबन्ध निर्देशक दिपकराज गिरीले सोरुम उद्घाटन तथा चाडपर्वको अवसर पारेर कम्पनीले इसुजुका गाडीमा मोडल अनुसार एक लाख ५० हजारदेखि चार लाख रुपैयाँसम्म छुट दिएको जानकारी गराए । उक्त सोरुममा सुरुआती मूल्य २४ लाख ९० हजार तोकिएको सिंगल क्याब, ४४ लाख ९० हजार पर्ने एस क्याब, ६८ लाख ९० हजार पर्ने भी-क्रस२.५ र जिप भेरिएन्टको एसयुभी ९क्ख० मक्स ९:ग्ह० गाडी छन् । मक्सको मूल्य एक करोड ४४ लाख ९० हजार तोकिएको प्रबन्ध निर्देशक गिरीले बताए ।

गिरीका अनुसार इसुजु नेपालमा सबैभन्दा बढी वारेन्टी दिने ब्रान्डमा पर्छ । इसुजुका सबै मोडलमा तीन वर्ष वा एक लाख किलोमिटरको वारेन्टी छ । 'इसुजुका गाडीहरु कति बलिया छन् भन्ने कुरा सबैभन्दा बढी वारेन्टी दिइएबाट पनि प्रस्ट हुन्छ,' गिरीले भने, 'इसुजुका डिजेल इन्जिनलाई विश्वमै नम्बर वान मानिन्छ ।'

आफूहरुले ग्राहकको सन्तुष्टिलाई उच्च प्राथमिकता दिएर कारोबार गर्ने गिरीको प्रतिबद्धता छ । इसुजुको भारतस्थित प्लान्टमा एसेम्बिङ भएका गाडी कन्टिनेन्टलले नेपालमा बिक्री-वितरण गर्छ ।

कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालिका एसिस्टेन्ट जनरल म्यानेजर मञ्जित पोखरेलले यो वर्षभित्रै सर्भिस नेटवर्क १९ बनाउने र अर्को वर्षसम्ममा प्रत्येक ५० देखि १०० किलोमिटरको दुरीमा एउटा सर्भिस सेन्टर रहने व्यवस्था मिलाउने बताए ।

कार्यक्रममा एकजना इसुजु गाडी चलाउने चालक बासुदेव घिमिरेले आफ्नो अनुभव सुनाउँदै अरुभन्दा यो गाडी निकै शक्तिशाली र आरामदायी लागेको बताए । 'यसको तान्ने क्षमता गज्जब लाग्यो,' उनले भने ।

### इसुजु बारे

इसुजु मोटर्स लिमिटेड जापानी कमर्सियल भेइकल र डिजेल इन्जिन निर्माता कम्पनी हो । यसको प्रधान कार्यालय जापानको राजधानी टोक्योमा छ । एक सय तीन वर्ष पुरानो यो कम्पनीले इसुजु ब्रान्डमा कमर्सियल भेइकल र डिजेल इन्जिन उत्पादन र मार्केटिङ गर्छ । यसका भेइकल उत्पादन प्लान्ट विश्वका विभिन्न २८ देशमा देशमा छन् । एक शताब्दीको अवधिमा इसुजुले दुई करोड ८० लाख थान डिजेल इन्जिन उत्पादन गरिसकेको छ ।

कम्पनीले झण्डै आठ दशक डिजेल इन्जिनको अध्ययन, अनुसन्धान र उत्पादनमा बिताएको छ । जसले गर्दा यसलाई डिजेल इन्जिनको प्राविधिक नविनतामा विश्वकै अग्रणी कम्पनी मानिन्छ ।

### कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालि बारे

कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालि दुई दशकभन्दा बढी समयदेखि नेपालमा विश्वविख्यात ब्रान्डका गाडी र हेभी उपकरणको कारोबारमा संलग्न छ । यसले कोमास्तु ब्रान्डको निर्माण र माइनिङ उपकरण, कियाको प्यासेन्जर भेइकल, ओटिस ब्रान्डको इलेभेटर, फुरुकावा ब्रान्डको ड्रिलिङ उपकरण, इसुजु ब्रान्डका गाडी लगायतको कारोबार गर्छ ।

विभिन्न उत्पादन कम्पनीहरुमा समेत लगानी गरेको कन्टिनेन्टल ग्रुप अन्तर्गत वित्त र हाउजिङ कम्पनी पनि छ । गुणस्तरीय वस्तु र सेवा प्रदान गर्ने लक्ष्य लिएको कन्टिनेन्टल ग्रुप अहिले नेपालको सुप्रसिद्ध व्यापारिक घरानामध्येको एक बनिसकेको छ ।


**आवश्यकता**

**Green Hut Lounge & Cafe with Banquet**

को लागि वेटर आवश्यक परेको हुनाले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नम्बरः०१–४४३४११३**

**तपाइलाई कुनै फर्निचरका सामानहरु चाहिएको छ ?**

**हामीलाई सम्झनुहोस्**


**बालकन्या फर्निचर उद्योग**

मन्थली–१, रामेछाप

यहाँ फर्निचरका सम्पूर्ण सामाग्रीहरु पाइन्छ जस्तैः टेबल, कुर्सि, सोफाका साथै अफिस र पसलको सम्पूर्ण डेकोरेशन गरिन्छ । अर्डर अनुसारको घर तथा अफिसको सम्पूर्ण सामान उपलब्ध गराइन्छ ।

**प्रो. खुम्ब बहादुर श्रेष्ठ**

मोबाइलन नं.: ९८५४०४०२१२, ९८४४२६७२१२ ९८६४२३७२३५









**जनआकाश मिडिया प्रा.लि.का लागिः** **प्रकाशक**: द्रोणबहादुर बस्नेत, **प्रधान सम्पादक**, मोहन कार्की ९८६१५८८४५६, **कम्प्युटर**: जनआकाश डेस्कटप

**प्रधान कार्यालय**, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, **मुद्रण**: सुप्रिम प्रिन्टिङ्ग प्रेस